# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ६३ | काठमाडौं | आइतबार, १० असार २०८० | Prabhab National Daily | Sunday, June 25, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू–क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### समानुपातिक निर्वाचन प्रणाली

# विद्रूप पारेपछि खारेजीको बहस !

■ जेबी योञ्जन

**काठमाडौं-** २०६२/६३ को जनआन्दोलनले ल्याएको राजनीतिक पविर्तनसँगै कार्यान्वयनमा आएको समानुपातिक निर्वाचन प्रणाली खारेजीको चलखेलमा दलहरू लागेका छन् । विगतमा यही प्रणालीबाट सांसद बनेका नेताहरू नै अहिले खारेजीको पक्षमा चर्को अभिव्यक्ति दिन थालेका छन् ।

मुलुकमा १६ वर्षअघि भएको पहिलो संविधानसभा चुनावदेखि समानुपातिक निर्वाचन प्रणाली प्रयोगमा आएको हो । पछिल्लो समय यसको आलोचना भइरहेको छ ।




आलोचकहरूले समानुपातिक निर्वाचन प्रणालीले सरकार अस्थिर बनाउन मुख्य भूमिका खेलेको बताउँदै आएका छन् । यो प्रणालीका कारण कुनै पनि दलको एकल बहुमत नआउने हुँदा सरकार सञ्चालनका लागि गठबन्धन अनिवार्यजस्तै भएको उनीहरूको तर्क छ । समानुपातिक निर्वाचन प्रणाली खारेज नगरेसम्म सरकार स्थिर नहुने धारणा आलोचकहरूले राख्दै आएका छन् ।

अर्कोतर्फ समानुपातिक निर्वाचन प्रणाली नेताका आफन्त, बफादार कार्यकर्ता र पुँजीपति वर्गका मानिसहरू सांसद भएर संसद्मा पुग्ने माध्यममात्रै भएको आलोचकहरूको तर्क छ । आलोचकमध्येमै पर्छन्, नेपाली कांग्रेसका महामन्त्री एवं प्रतिनिधिसभा सदस्य गगनकुमार थापा । त्यसो त थापाको संसदीय राजनीतिक यात्राको आधार समानुपातिक निर्वाचन प्रणाली नै हो । २०६४ को पहिलो संविधानसभामा उनी समानुपातिकबाटै सभासद बनेका थिए । उनै थापा अहिले एक दलीय बहुमत र एक दलीय सरकार गठनका नाममा समानुपातिक प्रणालीको विरोधमा लागेका छन् । यही क्रममा शनिबार थापाले समानुपातिक निर्वाचन प्रणालीविरुद्ध कडा अभिव्यक्ति दिए ।

'अब यो समानुपातिक निर्वाचन प्रणाली कम्तीमा लोअर हाउस (प्रतिनिधिसभा)मा नराखौं,' आफ्नो चुनाव क्षेत्रमा आयोजित एक कार्यक्रममा भने, 'महिला, दलित, मधेसी कसरी जाने भन्न

(बाँकी पृष्ठ २ मा)



दलहरूले समानुपातिक प्रणालीको मर्ममाथि प्रहार गरेकै हुन् । विद्रूप पारेपछि खारेज गर्नेतर्फ लागेका छन् । तर, यसको खारेज होइन सुधार आवश्यक छ ।

■ **प्रा.डा. महेन्द्रसुन्दर लावती**
राजनीतिशास्त्री



अब यो समानुपातिक निर्वाचन प्रणाली कम्तीमा लोअर हाउस (प्रतिनिधिसभा)मा नराखौं । महिला, दलित, मधेसी कसरी जाने भन्न सकिन्छ, महिलाका लागि निर्वाचन क्षेत्र तोकौं ।

■ **गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

# स्थानीय तहको बजेट आज

■ प्रभाव संवाददाता

**काठमाडौं-** तीन तहको सरकार रहेको नेपालमा जनताको घरदैलोको सरकारको रूपमा क्रियाशील छन् देशभरका ७५३ स्थानीय तह । यी नै स्थानीय तहहरूले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बजेट ल्याउने दिन हो आज । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले प्रत्येक वर्षको असार १० गतेअघि नै आगामी आर्थिक वर्षको बजेट सम्बन्धित नगर/गाउँसभामा पेस गर्नुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार केहीले बजेट ल्याइसकेका छन् भने बाँकीले आज आ-आफ्नो नगर/गाउँसभामा पेस गर्दै छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार शनिबारसम्म १० स्थानीय तहले भने बजेट सार्वजनिक गरिसकेका छन् । बाँकी ७४३ स्थानीय तहले आज बजेट सार्वजनिक गर्नेछन् । मन्त्रालयका अनुसार कोशी प्रदेशका दुई, मधेस प्रदेशका एक, बागमती प्रदेशका एक, गण्डकी प्रदेशका चार र सुदूरपश्चिम प्रदेशमा दुई गरी जम्मा १० स्थानीय तहले बजेट ल्याएका हुन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय सरकारले ऐनअनुसार असार १० गतेभित्र बजेट पेस भए/नभएकालाई मूल्यांकनमा एक सूचक मान्ने गरेको छ। असार १० भित्र ल्याएको बजेट नगर/गाउँसभाबाट असार ३० गतेभित्र पारित गरिसक्नुपर्छ । अन्यथा आगामी आर्थिक वर्ष अर्थात् साउन १ गतेबाट गरिने खर्च अवैधानिक हुने गर्दछ । त्यसैले तोकिएको मितिमा बजेट ल्याउनु र नयाँ आर्थिक वर्ष सुरु हुनुअघि नै बजेट पारित गर्नु अनिवार्य हुन्छ । तर, विगत वर्षहरूमा कतिपय स्थानीय तहले आर्थिक वर्ष सुरु भइसक्दा पनि बजेट नल्याइ खर्च गरेका थिए ।




### कसरी बन्छ स्थानीय तहको बजेट ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बजेट पेस र पारित गर्ने व्यवस्था छ । उक्त ऐनको दफा ७१ अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने व्यवस्था छ ।

उक्त बजेटको वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्नेछ ।

पेस भएको बजेटमाथि कार्यतालिका बनाई १५ दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नुपर्नेछ । छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्न वा सुझावसहित कार्यपालिकामा पठाउन सक्नेछ । सुझावसहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनः विचार गरी आवश्यक परिमार्जनसहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा पाँच दिनभित्र पुनःपेस गर्नुपर्नेछ । सभाले पेस भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नु पर्नेछ ।

पहिलो निर्वाचनबाट गठन भएको गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीले पद बहाली गरेको दुई महिनाभित्र बजेट पेस गर्न र पारित गर्न बाधा परेको नमानिने व्यवस्था छ । पूरक अनुमान तथा बजेटसम्बन्धी अन्य व्यवस्था स्थानीय कानुनबमोजिम हुनेछ । स्थानीय तहले स्थानीय कानुनबमोजिम कर तथा गैर करको व्यवस्था गर्न सक्छन् ।

स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम तथा बजेटले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र संघ, प्रदेश र स्थानीय तहमा आयोजना बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मा भएका व्यवस्थाबमोजिम कार्यक्रम तथा बजेट तर्जुमा गर्ने व्यवस्था छ ।

प्रशासनिक खर्च, राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकमबाट सुनिश्चित गरी बाँकी रकम आ-आफ्नो अधिकार सूचीका अन्य विकासका कार्यक्रम सञ्चालन गर्नेगरी व्यवस्था मिलाउनुपर्छ । राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाहेक अन्य स्रोतलाई सवारीसाधन,

(बाँकी पृष्ठ २ मा)


## आरुघाट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**


### सन्दर्भ : वैदेशिक रोजगार

# व्यवसायीअनुकूल नीति बनाउन तीव्र 'लबिइङ'

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगारसम्बन्धी नीति र कानुन आफूअनुकूल बनाउन वैदेशिक रोजगार व्यवसायीहरू तीव्र 'लबिइङ'मा लागेका छन् । नीतिगत तथा व्यावसायिक सुरक्षाको ग्यारेण्टी गर्नुपर्ने माग लिएर उनीहरू सरोकारवालासमक्ष लबिइङमा जुटेका हुन् । वैदेशिक रोजगारसँग सम्बन्धित निकायका प्रमुख, सरोकारवाला मन्त्री, मन्त्रालयका उच्च अधिकारीदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म उनीहरू पुगेका छन् । व्यवसायीले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्याहरूको तत्काल सम्बोधन गर्नुपर्ने माग गरिरहेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा व्यवसायीहरूको प्रतिनिधिमण्डलले सरोकारवाला निकायमा पुगेर मागपत्र प्रमाणीकरण, वार्षिक १०० कामदार अनिवार्य पठाउनुपर्ने प्रावधान, सेवा शुल्क, घरेलु कामदार, जापानमा स्पेसिफाइड स्किल वर्कर्स (एसएसडब्ल्यू) पठाउनेलगायतका विषयमा देखिएको अड्चन र नीतिगत समस्या तत्काल सम्बोधन गर्नुपर्ने माग राखेको छ ।

भर्खरै मात्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रमुख प्रशासकीय



जिम्मेवारी सम्हाल्न आइपुगेका सचिव केवलप्रसाद भण्डारीलाई यही असार ६ गते मन्त्रालयमा स्वागत तथा शुभकामना दिँदै संघको प्रतिनिधिमण्डलले उल्लिखित विषयले वैदेशिक रोजगारको क्षेत्र समस्यामा परेको भन्दै समाधानको पहल गरिदिन माग गरेका थिए । उनीहरूले विशेषगरी युरोपबाट आउने मागपत्र प्रमाणीकरणमा भइरहेको अड्चन हटाइदिन, वार्षिक १०० कामदार रोजगारीका लागि विदेश पठाउन नसक्ने म्यानपावरको नवीकरण गर्ने व्यवस्था मिलाइदिन र कामदारसँग एक महिनाको तलब बराबरको सेवा शुल्क लिन पाउनुपर्ने व्यवस्था गरिदिन श्रमसचिव भण्डारीसँग माग गरे । उनीहरूले सोही दिन वैदेशिक रोजगार विभागका महानिर्देशक

(बाँकी पृष्ठ ५ मा)

# तालिम प्रदायक संस्थालाई असार मसान्तसम्मको सीमा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विभिन्न तालिम दिने तालिमप्रदायक संस्थाहरू असार मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने सीमा तोकिएको छ । वैदेशिक रोजगार विभागले एक सूचना जारी गर्दै यसअघि तालिम सञ्चालनका लागि इजाजतपत्र प्राप्त गरेका तालिम प्रदायक संस्थाहरूलाई कानुनमा उल्लेख भएबमोजिम तोकिएको दस्तुर र कागजात पेस गरी असार मसान्तसम्म नवीकरण गर्न निर्देशन दिएको हो ।

विभागले सीपमूलक, केयरगिभर र घरेलु कामदार गरी तीन किसिमका तालिम प्रदायक संस्थाहरूले तोकिएअनुसार नवीकरण गर्नुपर्ने जनाएको छ । सबै संस्थालाई नवीकरण शुल्क १० हजार रूपैयाँ तोकिएको छ । सीपमूलक तालिम दिने संस्थाहरूले आर्थिक वर्ष २०७८/७९ को कर चुक्ता प्रमाणपत्र, तालिम सञ्चालनको वार्षिक विवरण, लेखापरीक्षण प्रतिवेदन, न्यूनतम दुई वर्षको घरभाडा सम्झौता, इजाजतपत्र पेस गर्नुपर्नेछ । त्यस्तै केयरगिभर तथा घरेलु कामदार तालिम प्रदायकले पनि अघिल्लो वर्षको प्रगति विवरण, संस्थाको भौतिक, वित्तीय र जनशक्ति विवरण, आर्थिक वर्ष २०७८/७९ को कर चुक्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन, मन्त्रालय, विभाग र सचिवालयबाट भएको अनुगमनको प्रगति विवरण र इजाजतपत्र पेस गर्नुपर्नेछ ।

# रहेनन् सिन्धु कांग्रेसका नेता विकास लामा

**काठमाडौं (प्रस)**– नेपाली कांग्रेस सिन्धुपाल्चोकका नेता विकास लामा(छ्युमी)को निधन भएको छ । ६३ वर्षीय लामाको वीर अस्पतालमा उपचारका क्रममा शनिबार बिहान निधन भएको हो ।

सिन्धुपाल्चोक कांग्रेसका पूर्वजिल्ला सभापतिसमेत रहेका लामा लामो समयदेखि ब्लड क्यान्सरबाट पीडित थिए । १४औं महाधिवेशनमा सहमहामन्त्रीका प्रतिस्पर्धी रहेका लामा गत शनिबार वीरमा भर्ना भएका थिए । २०१६ असोज २१ गते जन्मिएका उनले आफ्नो राजनीतिक यात्रा नेपाल विद्यार्थी संघबाट सुरु गरेका थिए ।

१३औं जिल्ला अधिवेशनमा लामा कांग्रेसको जिल्ला सभापतिमा निर्वाचित भएका हुन् । २०७० सालको प्रतिनिधिसभाको निर्वाचन सिन्धुपाल्चोक क्षेत्र २ बाट उम्मेदवार बनेका उनी गत स्थानीय निर्वाचनमा इन्द्रावती गाउँपालिकामा अध्यक्षका प्रतिस्पर्धी थिए ।

इन्द्रावती-९ स्थित भोटसिपामा जन्मिएका लामा



गायनमासमेत परिचित नाम हो । गायनमा सोनाम लामा नामबाट चिनिएका उनको स्वरमा 'होइ साहिली, माइली, हयाङ निला, चु दु:ख डान्सी खाइरी ब्याङनिला' र 'आपाम बोर्जी दैवसे' जस्ता गीत तामाङ समुदायमा अझै चर्चित छ । २०३७ सालमा रेडियो नेपालबाट आधुनिक गीतको स्वर परीक्षा उतीर्ण गरी नेपाली गीतसंगीत यात्रा थालेका उनले १५८ वटा गीत गाएका छन् । लामाले तामाङ फिल्म 'डाङ' पनि निर्माण गरेका छन् ।

नेपाली आधुनिक गीत 'स्वर्गकी परी'बाट गायन क्षेत्रमा डेब्यु गरेका लामाको निधनप्रति कांग्रेस सभापति शेरबहादुर देउवाले दु:ख व्यक्त गरेका छन् । 'नेपाली कांग्रेस सिन्धुपाल्चोकका पूर्वसभापति विकास लामाको असामयिक निधनको खबरले स्तब्ध भएको छु,' सभापति देउवाले भनेका छन्, 'उहाँको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।'

कांग्रेस नेता डा. शेखर कोइरालाले पनि उनको निधनमा दु:ख व्यक्त गरेका छन् । 'नेपाली कांग्रेस सिन्धुपाल्चोकका पूर्वसभापति विकास लामाको निधनले दु:खी बनाएको छ । लामाले कांग्रेस पार्टीको संगठनमा पुऱ्याउनुभएको योगदान हाम्रासामु सधैं ताजै रहिरहनेछ,' कोइरालाले भनेका छन्, 'शोकाकुल यस समयमा परिवारजनमा हार्दिक समवेदना तथा स्व. लामाप्रति भावपूर्ण श्रद्धाञ्जली ।'

दुई वर्षअघिमात्र लामाकी कान्छी श्रीमती मीरा अधिकारी लामाको निधन भएको थियो । जेठी र कान्छी श्रीमतीबाट गरी लामाका दुई छोरा र चार छोरी छन् । लामाको आज बौद्ध परम्पराअनुसार बौद्धस्थित जम्बुडाँडामा अन्तिम संस्कार गरिने पारिवारले जानकारी दिएको छ ।

### जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण नतिजा

# समग्र नेपालीको स्वास्थ्यमा सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं**– सन् २०२२ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) नतिजाले समग्र नेपालीको स्वास्थ्यमा सुधार भएको देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको उक्त सर्वेक्षणको नतिजामा यस्तो देखिएको हो ।

सर्वेक्षणको नतिजाले नेपालमा मातृ तथा नवजात शिशु स्वास्थ्य हेरचाह, पोषण, प्रजनन तथा बाल स्वास्थ्यमा प्रगति भएको देखाएको छ । नेपालमा सन् १९९६ पछि गरिएको यो छैटौं जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण हो ।

सर्वेक्षणअनुसार नेपाली महिलाले लिने मातृ स्वास्थ्य सेवा पछिल्ला वर्षमा बढ्दोक्रममा देखिएको छ । हाल ९४ प्रतिशत गर्भवती महिलाले दक्ष स्वास्थ्यकर्मीबाट गर्भवती सेवा पाइरहेको नतिजामा उल्लेख छ । नेपालमा आधाभन्दा बढी ५७ प्रतिशत विवाहित महिलाले परिवार नियोजनको साधन वा विधि प्रयोग गर्ने सर्वेक्षणले देखाएको छ । जसमध्ये ४३ प्रतिशतले आधुनिक परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् भने १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्ने गरेका छन् । महिला बन्ध्याकरण, डिपो र इम्प्लान्टजस्ता आधुनिक परिवार नियोजनका साधन वा विधि नेपालमा सबैभन्दा बढी प्रयोग भएको पाइएको छ ।

नेपालले कूल प्रजनन् दरलाई २.१ मा घटाउने दिगो विकास लक्ष्य २०३० लाई पूरा गरेको यो अध्ययनबाट देखिएको छ । विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ । सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको देखिएको छ ।

त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर उल्लेखनीयरूपमा घटेको देखिन्छ । सन् १९९६ मा पाँच वर्ष मुनिका प्रतिएक हजार जीवित जन्ममा १९८ को मृत्यु हुने गर्दथ्यो । सो मृत्युदर तुलनात्मकरूपमा घटेर हाल प्रतिएक हजार जीवित जन्ममा ३३ को मृत्यु हुने गर्दछ ।

दीर्घकालीन कुपोषणको एउटा संकेत पुड्कोपन वा उमेरअनुसार उचाइ कम हुनु हो । यो सर्वेक्षणअनुसार सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन घटेर सन् २०२२ मा २५ प्रतिशतमा झरेको छ ।

यो सर्वेक्षणले स्वास्थ्य क्षेत्रमा धेरै प्रगति भएको देखाए पनि चुनौती अझै बाँकी रहेकोसमेत उल्लेख गरेको छ । नेपालमा छ महिनाभन्दा कम उमेरका शिशुलाई पूर्णरूपमा स्तनपान गराउने प्रवृत्तिमा समयसँगै उतारचढाव भएको देखिन्छ । यस्तो तथ्यांक सन् १९९६ मा ७५ प्रतिशत थियो भने सन् २०२२ मा ५६ प्रतिशतमा झरेको छ । विश्व पोषण निर्देशिकाले शिशुलाई बाल मृत्यु तथा अन्य रोगहरूबाट बचाउनको लागि जन्मेको पहिलो छ महिनासम्म पूर्णरूपमा स्तनपान मात्र गराउन सिफारिस गर्दछ । साथै, नवजात शिशु मृत्यु दर पछिल्लो दशकमा प्रतिएक हजार जीवित जन्ममा २१ जना शिशुको मृत्यु हुने गरेको देखिएको छ । किशोरी अवस्थाको प्रजननदर उच्च रहेको यो अध्ययनबाट देखिन्छ । जसमा १५ देखि १९ वर्ष उमेर समुहका १४ प्रतिशत किशोरी गर्भवती हुने देखिएको छ ।

अघिल्लो सर्वेक्षणको तुलनामा यो सर्वेक्षणमा बाल्यकालको नियमित खोप कभरेज घटेको पाइएको छ । हाल ८० प्रतिशत बालबालिकाले सबै आधारभूत एन्टिजेन्सविरुद्ध खोप लगाएका छन् । जुन २०११ को सर्वेक्षणमा ८७ प्रतिशत थियो ।

यो सर्वेक्षणले कुनै पनि खोप नपाएका बालबालिकाको प्रतिशतमा पनि वृद्धि भएको देखाएको छ । अघिल्लो अर्थात् सन् २०१६ को सर्वेक्षणमा कुनै पनि खोप नपाएका बालबालिको संख्या एक प्रतिशत थियो भने अहिले चार प्रतिशत पुगेको छ ।

नेपालमा १५ वर्ष वा सोभन्दा माथिका १८ प्रतिशत महिला र २३ प्रतिशत पुरुषलाई उच्च रक्तचाप भएको देखिन्छ । यो सर्वेक्षणअनुसार प्रतिएक लाख व्यक्तिमध्ये १४ जनाको मृत्यु सडक दुर्घटनाका कारणले हुने गर्दछ । जसमध्ये सबैभन्दा बढी मृत्यु वा घाइते भएका ६८ प्रतिशत सडक दुर्घटना मोटरसाइकलको कारणले हुने गर्दछ ।

न्यु एराले गरेको यस सर्वेक्षणमा १५ देखि ४९ वर्षसम्मका २२ प्रतिशत महिला र ११ प्रतिशत पुरुषले चिन्ता (एन्जाइटी)का लक्षण अनुभव गरेका पाइएको छ । त्यसैगरी, १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २३ प्रतिशतले कुनै न कुनै समयमा शारीरिक हिंसाको अनुभव गरेको सर्वेक्षणमा उल्लेख छ । नेपालमा ७२ प्रतिशत विवाहित महिलाले आफ्नो स्वास्थ्यको हेरचाहसम्बन्धी निर्णय आफैं वा संयुक्तरूपमा गर्ने गर्दछन् । त्यस्तै ६० प्रतिशत महिलाले घरायसी मुख्य सरसामान खरिद गर्न र ६८ प्रतिशतले आफ्नो परिवार वा आफन्तलाई भेट्न आफैं वा संयुक्तरूपमा निर्णय गर्दछन् ।

## विद्रूप पारेपछि ...

पृष्ठ १ बाट जारी

सकिन्छ, महिलाका लागि निर्वाचन क्षेत्र तोकौं ।'

नेकपा माओवादीको नेतृत्वमा भएको १० वर्षे सशस्त्र द्वन्द्व र दोस्रो जनआन्दोलनको पृष्ठभूमिमा देशका सबै वर्ग र जातजातिलाई जनसंख्याको आधारमा राज्यसत्तामा सहभागी गराउन समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरिएको हो । पहिलोपटक संविधानसभा निर्वाचन २०६४ मा यो निर्वाचन प्रणाली प्रयोगमा आयो । निर्वाचन आयोगका अनुसार त्यसबेला ५८ प्रतिशत संविधानसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका थिए । बाँकी ४२ प्रतिशतमात्रै पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीबाट निर्वाचित भएका थिए ।

३ असोज २०७२ मा जारी नेपालको संविधानुसार भने समानुपातिक निर्वाचन प्रणालीबाट ४० प्रतिशत सांसद मात्रै चयन हुँदै आएको छ । अर्थात् २७५ सदस्यीय संसद्मा ११० जना सांसद यो प्रणालीबाट चयन हुन्छ । बाँकी १६५ जना (६० प्रतिशत) भने पहिलो हुने निर्वाचित हुने (प्रयक्ष) प्रणालीबाट निर्वाचित हुँदै आएका छन् ।

समानुपातिकतर्फको ४० प्रतिशतलाई १०० प्रतिशत मान्दा सबैभन्दा बढी ३१.८ प्रतिशत खस आर्यको संसद्मा प्रतिनिधित्व छ । आदिवासी जनजातिको २८.७ प्रतिशत, मधेसीको १५.३ प्रतिशत, दलितको १३.८ प्रतिशत, थारुको ६.६ प्रतिशत र मुस्लिमको ४.४ प्रतिशत समानुपातिक प्रणालीबाट प्रतिनिधित्व छ ।

तुलनात्मक रूपमा पहिलो र दोस्रो संविधानसभाभन्दा पछिका संसद्मा अल्पसंख्यक र सीमान्तकृत समुदायको प्रतिनिधित्व घटेकै बेला कांग्रेस महामन्त्रीसमेत रहेका सांसद थापाले समानुपातिक निर्वाचन प्रणाली नै हटाउने प्रस्ताव अघि सारेका हुन् ।

जबकि, थापाकै दल कांग्रेस सभापति शेरबहादुर देउवा समानुपातिक प्रणालीको कट्टर पक्षपाती हुन् । उनैले 'कदमजम' (कर्णाली, दलित, मधेसी, जनजाति र महिला) लाई राज्यको मूल प्रवाहमा ल्याउन देशमै पहिलोपटक राजनीतिक बहस छेडेका थिए । उनी तत्कालीन नेपाली कांग्रेस प्रजातान्त्रिकमा यी जाति र वर्गको प्रतिनिधित्व पनि गराएका थिए ।

तर, उनकै दलका सांसद थापा, जो समानुपातिक प्रणालीको राजनीतिक लाभग्राही नेता हुन्, उनैले समानुपातिक प्रणाली हटाऔं भन्दै आएका हुन् ।

उसो त समानुपातिक प्रणाली हटाउनुपर्ने पक्षमा उभिने थापा एक्ला नेता भने होइनन् । संघीयता विज्ञसमेत रहेका राष्ट्रिय सभा सदस्य डा. खिमलाल देवकोटा 'समानुपातिक निर्वाचन प्रणाली खारेज गरौं' भनेर बारम्बार आवाज उठाइरहेका छन् । उनले प्रभावसँग भने, 'समानुपातिक र समावेशी सहभागितालाई प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत समेटौं । यो राखिरहनु जरुरी छैन । औचित्यसिद्ध हुँदैन ।'

समावेशी चरित्रको समाज भए पनि देशको सार्वभौम संसद्मा अझ एकल जातीय (खस-आर्यको) वर्चश्व थप मजबुत बनिरहेको भन्दै चिन्ता व्यक्त भइरहेका बेला समानुपातिक प्रणाली नै हटाउनुपर्ने दुई नेताको अभिव्यक्ति आएको हो ।

संसद्मा राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चासहितका दलहरू यो निर्वाचन प्रणालीको विरुद्धमा छन् । फेरि, दलका नेताहरूले पनि परिवारका सदस्य, आफन्त, आफूप्रति बफादारी र व्यवसायीहरूको नाम अनुचितरूपमा बन्द सूचीमा राखेर अन्ततः सांसद बनाउने गरेका छन् । कतिपय पहुँजवालालाई त पटक-पटक समानुपातिक सांसद बनाइरहेका छन् ।

जसको उदाहरण बनेकी छन् कांग्रेस सभापति शेरबहादुर देउवापत्नी डा. आरजु राणा । उनी पहिलो संविधानसभा २०६४ मा डडेलधुराबाट र दोस्रो संविधानसभा २०७० मा ललितपुरबाट समानुपातिक सभासद थिइन् । २०७४ मा चुनाव हारेकी आरजु यसपटक फेरि समानुपातिक सांसद बनेकी छन् । लगातार उनी तीनपटक समानुपातिक सांसद भएकी हुन् ।

एमाले महासचिव शंकर पोखरेलले यसपटक बहिनी मेनकाकुमारी पोखरेललाई र ठगीसहित विभिन्न कसूरमा हाल जेलमा रहेका कांग्रेस नेता बालकृष्ण खाणले श्रीमती मञ्जु खाणलाई समानुपातिक सांसद बनाए । एमाले नेता रामबहादुर थापाले श्रीमती नैनकला थापालाई, कांग्रेसकै नेता विमलेन्द्र निधिले आफूसँगै भाञ्जी निनुकुमारी कर्णलाई समानुपातिक सांसद बनाए ।

एमालेले प्रभू ग्रुपका सञ्चालकसमेत रहेका धनाढ्य देवीप्रसाद भट्टचन, जसपा सांसद अशोक राईले श्रीमती सुशीला श्रेष्ठ, माओवादी नेता जनार्दन शर्माले बहिनी नारायणी, शक्ति बस्नेतले बहिनी ज्ञानुलाई तथा पहुँजवाला राप्रपा नेताहरू बुद्धिमान तामाङ, पशुपतिशमशेर जबरा, रोशन कार्कीलगायत समानुपातिक सांसद भए ।

पहुँजवालाहरूको संसद् पुग्ने सुरक्षित माध्यमको रूपमा यसरी समानुपातिक निर्वाचन प्रणालीको दुरूपयोग हुँदा प्रणाली नै हटाउनुपर्ने आवाज झन् ठूलो सुनिन थालिएको हो ।

कांग्रेसनिकट विश्लेषक अरुणकुमार सुवेदी यही विषयलाई बल पुग्ने धारणा राखेका छन् । तर, समानुपातिक प्रणाली खारेजीका लागि सत्ता गठबन्धन नै हेरफेर हुनुपर्ने मत राख्छन् सुवेदी । कारण यसका लागि संविधान संशोधन गर्नुपर्छ । संविधान संशोधनका लागि दुई तिहाइ मत चाहिन्छ । कांग्रेस सभापति देउवा प्रधानमन्त्री रहेका बेला परराष्ट्र सल्लाहकारसमेत रहेका सुवेदीले भनेका छन्, 'त्यो अवस्थामा संविधान संशोधनका कारणले कतै कांग्रेस र एमाले त नजिक हुन खोजिरहेको हैन ? भन्ने विश्लेषण अर्को कोणबाट भइरहेको छ ।'

संविधान संशोधनको मूल मुद्दामध्ये निर्वाचन प्रणाली पनि एउटा भएको उनको भनाइ छ । 'संविधान संशोधनका मूल मुद्दा धर्मनिरपेक्षता, संघीयता र निर्वाचन प्रणालीबारे राजनीतिक ध्रुवीकरणका लागि गर्भाधान सुरु भएको प्रतीत हुन्छ । आर्थिक दुरावस्थाका बीच नेपालमा राजनीनित द्वन्द्व सुरु भइसकेको छ । त्यो सांसदमा हुने हो सुरु भइसकेको छ । हेर्दै जाउँ,' उनले भनेका छन् ।

राजनीतिशास्त्री प्रा.डा. महेन्द्रसुन्दर लावती समानुपातिक निर्वाचन प्रणाली आवश्यक भएको तर यसलाई सुधार गर्नुपर्ने मत राख्छन् । 'दलहरूले यसको मर्ममाथि प्रहार गरेकै हुन् । विद्रूप पारेकै हुन्,' लावतीले भने, 'तर, यसको खारेज होइन कि सुधार आवश्यक छ ।'

विगतमा एकल जातीय, वंशीय र निरंकुश शासन व्यवस्थाले उत्पीडित, सीमान्तकृत र बहिष्कृत हुन परेका जाति, वर्ग र समुदायमा मानिसहरूको संसद्मा प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था भएको हो ।

राजनीतिशास्त्रीहरूका अनुसार विश्वका ८६ वटा देशले यस्तो निर्वाचन प्रणाली अंगीकार गरेका छन् । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणाली मात्र अंगीकार गर्ने ६७ वटा र दुवै प्रणाली अंगीकार गर्ने ३० वटा देश छन् ।

## स्थानीय तहको ...

पृष्ठ १ बाट जारी

भवन, जग्गा खरिदजस्ता प्रकृतिका कार्यमा खर्च नगर्ने अन्तरआबद्धता कायम हुनेगरी बनाउनुपर्छ ।

राष्ट्रिय प्रणालीसँग सामञ्जस्य तथा मध्यमकालीन खर्च संरचना, बजेट, आयोजना तथ्यांक, योजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, विषय क्षेत्रगत व्यवस्थापन सूचना प्रणालीको तथा सञ्चालन गर्ने व्यवस्था विकास र सञ्जालीकरण मिलाउनुपर्छ ।


## रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०३/१०)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ । यो सुचना प्रकाशित गरेको मितिले १५ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र ब्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ । उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम विक्री गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आबश्यक कानूनी कार्यवाही अगाडी बढाइने ब्यहोरा समेत सुचित गरिन्छ । साथै ऋणी ब्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा १६औं दिनमा लिलाम विक्री गरिने हुनाले यो सूचना प्रकाशित भएको १५ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्बसाधारणमा आव्हान गर्दछौं । सो जेथा लिलाम विक्री नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | ब्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| **नामः कान्ति कुमारी अर्याल**<br>ठेगानाः टिकापुर-८, कैलाली<br>वुवाः शिव प्रसाद अर्याल<br>बाजेः जय बल्लभ अर्याल<br>कर्जा शिर्षकः व्यक्तिगत कर्जा | कान्ति कुमारी अर्यालको नाममा दर्ता रहेको चितवन जिल्ला, कठार वडा नं. ०७/क स्थित कित्ता नं. ९१९ को क्षत्रफल ०-४-०.७५ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **गिता भट्टराई**<br>ठेगानाः भरतपुर-७, चितवन<br>ससुराः टिका राम भट्टराई<br>श्रीमान्ः खेम राज भट्टराई |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः** १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको प्रधान कार्यालय प्रदर्शनीमार्ग पुतलीसडक काठमाण्डौंमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ । २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङक तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ । आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ । ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ । ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन । बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन । ५. बोलपत्रमा कबुल अंकमा सो जेथा विक्री गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ । ६. कबुल अंकमा सो जेथा विक्री गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ । ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ । बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले ब्यहोर्नु पर्नेछ । ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



# NEPAL RED CROSS SOCIETY

## SEALED QUOTATION NOTICE

RE-Publication Date: 25 June, 2023

The Nepal Red Cross Society invites sealed quotations from manufacturers/reputed firms/suppliers for the supply and Installation work for Furniture of Nepal Red Cross Society center Warehouse at bhaktapur. Sealed Quotation document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National Hqs, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 25 June to 30 June, 2023 on written request with relevant documents (copy of Firm registration, VAT, Tax clearance) and against payment of non – refundable tender fee of Rs. 1000/-.

Quotation in sealed cover and the earnest money will be received at the above address during working days between 10.00 hrs. to 13.00 up to 2 July 2023. The quotation received will be opened at 14:00 P.M. on 2 July, 2023 at NRCS, Nhqs, Kalimati, and Kathmandu.

The bidder(s) must deposit 2.5% including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd. Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids or Bank guarantee with validity of 3 months (90) days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.

The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole quotation or any or all the quotation without assigning any reason whatsoever and not bound to accept the lowest bid.

**Nepal Red Cross Society**
**National Head Quarters**
Red Cross Marga, Kalimati,
Kathmandu - Nepal
Phone: 4270650

## पूर्वी नेपालको बाढी

# ३० आयोजनामा ८ अर्बभन्दा बढीको क्षति

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वी नेपालमा केही दिन पहिले आएको बाढीले अहिलेसम्म ३० जलविद्युत् आयोजनामा झण्डै आठ अर्ब ५० करोड रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । यही असार १ र २ गते ताप्लेजुङ, पाँचथर, संखुवासभा र भोजपुर जिल्लामा आएको बाढीले ४६३ मेगावाट क्षमताका ३० वटा जलविद्युत् आयोजनामा क्षति भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को प्रारम्भिक अध्ययनले देखाएको हो । उत्पादनमा रहेका १३२ मेगावाट क्षमताका १३ आयोजनामा करिब छ अर्ब रूपैयाँको क्षति भएको जनाइएको छ ।

विद्युत् उत्पादन गरिरहेको सबैभन्दा ठूलो आयोजना २५ मेगावाटको काबेली 'बी'-१ मा ५० करोड रूपैयाँ बराबरको क्षति भएको छ । उत्पादनमा रहेका आयोजनामध्ये सबैभन्दा धेरै क्षति २२.१ मेगावाट क्षमताको तल्लो हेवाखोला जलविद्युत् आयोजनामा एक अर्ब रूपैयाँ बराबरको क्षति भएको आयोजनाका अध्यक्ष सीताराम तिमल्सिनाले जानकारी दिए ।

भौतिक हिसाबले सबैभन्दा धेरै क्षति भएको ४.७ मेगावाटको अपर पिलुवा-२ जलविद्युत् आयोजनामा ९० करोड रूपैयाँ बराबरको क्षति भएको मेञ्छियाम हाइड्रोपवारका अध्यक्ष एवं संखुवासभाबाट प्रतिनिधिसभा सदस्य दीपक खड्काले बताए । उनका अनुसार उक्त आयोजनामा हेडवर्क्स, पाइप अलाइनमेन्ट, पावरहाउसलगायतका भौतिक संरचना पूर्णरूपमा क्षति भएर आयोजनाको पुनर्निर्माणका लागि दुई वर्षभन्दा बढी समय लाग्ने देखिएको छ ।

त्यस्तै १४.९ मेगावाट क्षमताको हेवाखोला 'ए' जलविद्युत् आयोजनामा ९५ करोड रूपैयाँ बराबरको क्षति भएको आयोजनाका प्रवर्द्धक पुष्पज्योति ढुंगानाले जानकारी दिए । बाढीका कारण पूर्वी नेपालका चार जिल्लामा निर्माणाधीन १७ जलविद्युत् आयोजनामा दुई अर्ब रूपैयाँभन्दा बढीको क्षति भएको छ । निर्माणाधीन आयोजनामध्ये सबैभन्दा धेरै क्षति सुपर हेवाखोला जलविद्युत् आयोजनामा ८० करोड रूपैयाँ बराबरको भएको छ ।



उक्त आयोजना निर्माणका खटिएका १८ जना मजदुरलाई बाढीले बगाएर बेपत्ता बनाएको थियो । त्यसमध्ये अहिलेसम्म चार जनाको मात्र शव भेटिएको छ । कूल ९० प्रतिशत निर्माण पूरा भइसकेको आयोजनामा बाढीले क्षति पुऱ्याउँदा आयोजनाको पुनर्निर्माणमा डेढदेखि दुई वर्षसम्म थप समय लाग्ने आयोजनाका अध्यक्ष हर्कबहादुर तामाङले बताए ।

यस्तै इसुवाखोला जलविद्युत् आयोजनामा ५० करोड रूपैयाँ बराबरको क्षति भएको आयोजनाका अध्यक्ष वीरेन्द्रबहादुर न्यौपानेले जानकारी दिए । इंगुवा खोलामा पनि ५० करोड रूपैयाँ बराबरको क्षति भएको आयोजनाका प्रवर्द्धक सतिष न्यौपानेले जानकारी दिए ।

इप्पानले बाढीले प्रभावित आयोजनाका बारेमा प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री, राष्ट्र बैंकका गभर्नर र बिमा प्राधिकरणका अध्यक्षलाई एक ठाउँमा राखेर जानकारी दिने तयारी गरेको छ । इप्पान अध्यक्ष गणेश कार्कीले शुक्रबार नै प्रधानमन्त्री पुष्पकमल दाहाललाई पत्र लेख्दै सम्बद्ध सबै मन्त्रालयका मन्त्री र कार्यकारी प्रमुखलाई एक ठाउँमा राखेर प्रभावित आयोजनाका बारेमा प्रस्तुतीकरणको लागि समय माग गरेका छन् ।

## बाढीपहिरोका कारण ११९ परिवार विस्थापित

**पाँचथर–** पाँचथरमा बाढी र पहिरोका कारण चार स्थानीय तहका ११९ घर परिवार प्रभावित भएका छन् । सुरक्षा निकायले संकलन गरेको तथ्यांकअनुसार बाढीपहिरोका कारण जिल्लाका ११९ परिवारका ५७४ जना नागरिक प्रभावित बनेका हुन् । बाढी र पहिरोका कारण १४ घर पूर्णरूपमा विस्थापित भएका छन् । पूर्णविस्थापित हुने जिल्लावासीको संख्या ५९ छ । यस्तै जिल्लाका ८६ घर बाढीपहिरोको उच्च जोखिममा छन् । उच्च जोखिममा परेका ८६ परिवारका ४२५ नागरिक पनि विस्थापित बनेका छन् ।

यस्तै बाढी पहिरोका कारण १९ घरमा आंशिक क्षति पुगेको छ, जसकारण ९० जना नागरिक प्रभावित बनेको प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीले जानकारी दिए । जिल्लामा हाल कूल ५७४ नागरिक आफ्नो घरबाट विस्थापित बनेको प्रजिअ मंग्रातीले बताए ।

बाढीले यहाँका छ वटा पक्की पुल बगाएको छ । यस्तै एउटा बेलिब्रिज, आठ वटा झोलुंगे पुल र एउटा फलामको ट्रस पनि बाढीले बगाएको छ । पुलमा क्षति भएपछि मेची राजमार्गको फिदिम-ताप्लेजुङ खण्ड, तमोर कोरिडोरको माझीटार-ताप्लेजुङ खण्ड, मध्यपहाडी लोकमार्गको ओयाम-च्याङथापू खण्ड अवरुद्ध भएका छन् । दर्जनौं ग्रामीण सडकको सवारी आवागमन प्रभावित बनेको प्रजिअ मंग्रातीले जानकारी दिए ।

जिल्ला दैवी प्रकोप समितिले बाढी पहिरोका कारण विस्थापित सबै परिवारसम्म राहत सामग्री पुऱ्याएको छ । पूर्णविस्थापित परिवारका लागि लामो समय उपयोग गर्न सकिने पाल पनि जिल्ला आइपुगेको र भोलिदेखि वितरण थालिने प्रजिअ मंग्रातीको भनाइ छ । बाढी पहिरोले हालसम्म एउटा विद्यालय, तीन वटा गोठ, ४६ वटा चौपाया बगाएको तथ्यांक संकलन भएको छ । बाढीपहिरोका कारण जेसिबी मेसिन दुई वटा, एउटा ट्र्याक्टर, एउटा मोटरसाइकल, एउटा स्काभेटर र एउटा क्रसर मेसिन पनि बगाएको छ ।

बाढीपहिरोका कारण यहाँका हजारौं रोपनी क्षेत्रफलमा लगाइएको बालीमा क्षति पुगेको छ । यद्यपि, बालीमा पुगेको क्षतिको विवरण संकलन भइनसकेको प्रजिअ मंग्रातीले बताए । 'प्रहरी, स्थानीय तहका कृषि प्राविधिक तथा कृषि ज्ञान केन्द्रसमेतको समन्वयमा कृषि बालीमा भएको क्षतिको विवरण संकलन थालिएको छ,' प्रजिअ मंग्रातीले भने, 'यथाशक्य चाँडो क्षतिको विवरण तयार पारी राहतका लागि उपल्ला निकायमा पहल थाल्नेछौं ।' पाँचथरमा पहिरोले एक बालिका तथा बाढीले एक महिला र एक पुरुषको ज्यान गएको छ । बाढीमा परी अझैसम्म तीन जना बेपत्ता छन् । बेपत्ताको खोजीकार्य जारी रहेको र यसमा तमोर नदीको सीमावर्ती जिल्लाका सुरक्षा निकायसँगसमेत समन्वय भइरहेको प्रजिअ मंग्रातीले जानकारी दिए । *रासस*



**गजुर जीर्णोद्धार** | विश्व सम्पदा सूचीमा सूचीकृत स्वयम्भू स्तुपाको गजुर मर्मत हुँदै । करिब तीन महिनाअघि हावाहुरीका कारण स्तुपाको गजुर झरेपछि मर्मत गर्न लागिएको हो ।
*तस्बिरः रत्न श्रेष्ठ/रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०२/२२ गते भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका वडा नं. १ लोकन्थलीबाट बेलुकी १० बजेर ४ मिनेटमा सेतो रंगको पल्सर एनएस २०० सिसिको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम :** दुर्गा बहादुर राउत
**बाइक नं.:** बा प्र. ०२-०२८ प ७६८८
**च्यासिस नं.:** MD2A36FX6MCA84054
**इन्जिन नं. :** JLXCMM27633
**ठेगाना:** मध्यपुर थिमी न.पा.-१ लोकन्थली
**मो.नं.:** ९८२३०४६५७६



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५६/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. ११४७५** को **ग्रिनल्याण्ड टि इण्डस्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAYAS TEXTILE COMPANY FOR MEN'S TAILORING

पूर्व स्वीकृति मिति : २०८०/०३/०८ | LT No.288467 | चलानी नं. ६०२०३६१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 3 | 0 | 1300 | ४५६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १४ गते (29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
ईजाजत नं. १३६५/०७४/७५
Basundhara-3, Kathmandu,BAGMATI
Phone: 01-5905757, Fax:01-5905758, info@green-lightgroup.com


# नेपालगञ्ज उपमहानगरको बजेट एक अर्ब ६७ करोड

■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** नेपालगञ्ज उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/ ८१ का लागि डेढ अर्बभन्दा बढीको बजेट सार्वजनिक गरेको छ । शनिबार उपमहानगरको १३औं नगरसभामा उपप्रमुख कमरुद्दीन राईले एक अर्ब ६७ करोड ५६ लाख रूपैयाँ बराबरको अनुमानित आयव्यय विवरणसहितको बजेट नगरसभामा प्रस्तुत गरेका हुन् ।

बजेट चालु आवको भन्दा चार करोड रूपैयाँले बढी हो । चालु आवका लागि एक अर्ब ६३ करोड ६५ लाख रूपैयाँको बजेट प्रस्तुत गरिएको थियो । संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको आय अनुमान तथा आन्तरिक आयसमेतका आधारमा अनुमानित बजेट नगरसभामा प्रस्तुत गरिएको थियो ।

उपप्रमुख राईले समग्र नगर विकासका लागि वडा कार्यालयसँगको सहकार्यलाई आत्मसात गर्दै चालु आवजस्तै आगामी आवका लागि पनि २५ करोड रूपैयाँको सिलिङ उपलब्ध गराउने व्यवस्था गरेको उल्लेख गरे । नेपालगञ्ज उपमहानगरपालिकाले आन्तरिक आय १८ करोड रूपैयाँ, राजस्व र अनुदान बचत मौज्दात २० करोड रूपैयाँ हुने अनुमान गरेको छ ।

यसअघि सोही सभामा उपमहानगरका प्रमुख प्रशान्त विष्टले आगामी आवका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले सामूहिक बस्ती विकास गर्ने योजना अघि सारेका छन् । बसोबासलाई व्यवस्थित गर्न रिङरोडको विकाससँगै आसपासका जग्गाको 'ल्याण्डपुलिङ'मार्फत जग्गा विकास गर्ने योजना उपमहानगरको छ ।

प्रमुख विष्टले नीति तथा कार्यक्रममा नगर विकासलाई विशेष प्राथमिकता दिएको बताए । वर्षाको समयमा हुने डुबान कम गर्नका लागि नालीको प्रभावकारीरूपमा सरसफाइ तथा व्यवस्थापन गर्ने र नेपालगञ्जको ऐतिहासिक कला, संस्कृति झल्किने गरी नयाँ योजना ल्याइने नीति कार्यक्रममा उल्लेख छ ।

आधुनिक प्रविधिको प्रयोग गरी कागजको प्रयोग घटाउँदै लगिने र नागरिकका लागि सहज अनलाइन सेवाको विकास गर्नुका साथै 'डिजिटलाइज्ड' सेवा प्रदान गर्ने विषयलाई समेत प्राथमिकतामा राखिएको छ । नगरप्रमुख विष्टले आगामी आवमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सुशासन प्रवर्द्धनलाई प्राथमिकता दिइएको बताए । नीति तथा कार्यक्रममा विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने, गुणस्तरीय शिक्षामा जोड, स्थानीय पाठ्यक्रम कार्यान्वयन, निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने, योगमैत्री नगर बनाउने, पाँच वर्षभित्र क्षयरोगमुक्त उपमहानगर घोषणा गर्ने, जमुनाहानाकामा 'हेल्थ डेस्क' सञ्चालन गरी सरुवाजन्य रोगको रोकथाम, निगरानी र व्यवस्थापन गर्ने, राँझा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल बनाउन आवश्यक पहल गर्ने उल्लेख छ ।

नीति तथा कार्यक्रममा आगामी दुई वर्षभित्र १५ शयचाको आधारभूत अस्पताल सञ्चालनका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गर्ने, ६० वर्ष पुगेका स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन एवं सम्मानसहित बिदाइ गरिने, प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनीकरण गर्ने, हरित नेपालगञ्ज बनाउन सडकको दायाँबायाँ बिरुवा रोप्ने, श्रम सूचना बैंक स्थापना, रोजगार मेला सञ्चालन गर्ने, रोजगारी सिर्जना गर्ने, सहकारीको निरन्तर अनुगमन गरी नियमनको दायराभित्र ल्याइने, हामी सुधाछौं हाम्रो सहकारी भन्ने विशेष अभियानमा सम्पूर्ण सहकारीकर्मीलाई सामेल गराई सहकारीप्रतिको विद्यमान गुम्दो जनविश्वासलाई रोक्दै लैजानेसमेत नीति कार्यक्रममा उल्लेख छ ।


**वर्ल्डलिन्क कम्यूनिकेशन्स लिमिटेड**
**ललितपुर म. न. पा - ५, ललितपुर**

**कम्पनीको वार्षिक साधारण सभा बस्ने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०।०३।१०**

यस वर्ल्डलिन्क कम्यूनिकेशन्स लिमिटेड को मिति २०८०।०३।०८ गते बसेको संचालक समितिको बैठकको निर्णयनुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय, स्थान मा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८०।०३।२६ (तद अनुरुप ११ जुलाई)
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं ४, बालुवाटार ।

**विशेष साधारण सभामा छलफल गरिने विषयहरु:**
**(क) साधारण प्रस्तावहरु:**
१) संचालक समितिको निर्वाचन ।
२) स्वतन्त्र सञ्चालकको राजिनामा तथा नया स्वतन्त्र संचालकको नियुक्ति ।

**(ख) विशेष प्रस्ताव**
१) कम्पनीको नियमावलीको नियम २७(३) संसोधन गर्ने सम्बन्धमा ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**अनुष्का भट्टराई**
**कम्पनी सचिव**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### हारबाट सिक्नैपर्ने पाठ

**शनिबार नेपाली खेल क्षेत्रमा दुई खेलबाट अप्रिय नतिजा आयो । जिम्बाब्वेबाट क्रिकेटको, भारतको बेङ्गलोरुबाट फुटबलको । जिम्बाब्वेमा नेदरल्याण्डस्सँग हारेसँगै एक दिवसीय क्रिकेट विश्वकप पुग्ने नेपालको बाटो बन्द भयो । सात विकेटको हार बेहोर्दा नेपालको 'सुपर सिक्स'मा पुग्ने सपनामा 'ब्रेक' लाग्न पुग्यो । सुपर सिक्समा समूह 'ए' बाट जिम्बाब्वे, वेस्ट इन्डिज र नेदरल्याण्ड्स पुगेका छन् ।**

**शनिबार नै साफ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरियो नेपाल । समूह 'ए' मा भारत र कुवेतले सेमिफाइनलको यात्रा तय गर्दा नेपाल र पाकिस्तान बाहिरिएको हो । कुनै तयारीविनै बेङ्गलोरु उत्रिएको नेपाल 'ग्रुप अफ डेथ' मा परेको थियो । दक्षिण एसियाली देशसँगसमेत खासै खेल सुधार गर्न नसकेको नेपालका लागि कुवेतसँग भिड्नु नै महाभारत थियो । भारत साफ क्षेत्रका जायन्ट टिम । खासै बलियो नभए पनि यसपटक नौला खेलाडीहरू उतारेको थियो पाकिस्तानले ।**

**पहिले नेपालीहरूमाझ लोकप्रिय खेल थियो फुटबल, व्यापक राजनीतिकरणका कारण फुटबलले असफलताको बाटो समात्यो । अहिले सबैले क्रिकेटबाट आशा गर्ने गरेका छन् । तर, क्रिकेटमा पनि राजनीतिको धमिरा पसिसकेको छ । जसका कारण खेलाडीले अन्तर्राष्ट्रिय सफलता पाउन सकेको छैन । खेलका लागि पूर्वाधार छैनन्, पूर्वतयारी र अभ्यासका लागि कुनै लगानी छैन । नियमित प्रशिक्षणको के कुरा नियमित लिगको अभाव छ ।**

**तर, कीर्तिपुरको मैदानमा कुनै मैत्रीपूर्ण खेल नेपालले जिते लाख–लाख पुरस्कार घोषणा गर्न तँछाडमछाड गर्छन् सरकार प्रमुख । खेलाडीलाई बोलाएर तुरुन्तै चेक पनि दिन्छन् । नियमित आम्दानीले मात्र हो जोसुकै टिक्ने । खहरेको भेलजस्तो पुरस्कारले खेलाडी देशमा अडिँदैन । खेलका कुनै पनि लिग नियमित हुन्नन् । नेपालमा लिगहरू न त फयानमैत्री नै छन् । रंगशालामा हुने व्यवस्थापन उस्तै विरक्तलाग्दो छ ।**

**पर्यटनलाई नेपालको कमाइ खाने भाँडो भनिन्छ । तर, आफ्नै नागरिकलाई लोभ्याउन जान्दैन व्यवस्थापन । यावत कारणले खेल निरन्तर ओरालो लाग्दो छ । खेलाडीले आफ्नो जीवन धान्न पुरस्कारजस्तो दानको लोभमा बस्नुपर्छ । फुटबल खेलमा यसपटक अघिल्लो साफमा उत्रेका १३ जना थिएनन् । कारण उही हो, नियमित आम्दानी नभएपछि देश छाडेका । क्रिकेटको अवस्था राजनीतिकरणले खस्कँदो छ । खेलबाट जितको आश गर्ने हो भने पहिले कुशल खेलाडीको खुट्टा बाँध्न छाड्नुपर्छ । अनि पुरस्कारमा भन्दा खेलाडीको भविष्य सुनिश्चितता र खेलको पूर्वतयारीमा लगानी गर्नुपर्छ ।**

## मननयोग्य

### चाणक्य नीति

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- 'मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं ।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- 'तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछौ । जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ' 'महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ । हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ ।'

'जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ' भनी जीवाक्ष हिँड्यो । यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो । शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो । बहुमुल्य भेषभूषा, आश्चार्य लाग्ने ठाँट-बाँटको, अनौठो सँगम थोरै दिनमै सोमदेवको रवाफ बढ्यो ।

सहरका ठूलाबडा व्यापारीसँग परिचय बढ्न थाल्यो । कला र सौन्दर्यको पारखी भनी उसले प्रसिद्धि पायो । बहुमूल्य रत्नको व्यापारीका रूपमा ठूलाठूला मानिसले चिन्न लागे । असीम रूपवतीको संयोगले उसको प्रसिद्धि दुई गुना बढेको थियो ।

अन्ततः कौमुदी उत्सव पनि आयो । भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो । प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे । नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे ।

उत्सवको सबै तयारी पूरा भयो । राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो । सबैतिर चहलपहल थियो । रंगीविरंगी वस्त्रमा सिंगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए । क्रमशः

# लोकसेवा आयोग : हिजो र आज



▶▶डा. खगेन्द्रप्रसाद सुवेदी

**वि**.सं. २००७ भन्दा अघि निजामती सेवामा जागिरको पनि कुनै टुंगो हुँदैनथ्यो, राणाशासनमा प्रत्येक वर्ष कर्मचारीको बढुवा, सरूवा, थमौती वा पजनी मनखुसी गर्ने चलन रहेको थियो । वि.सं. २००४ मा नेपाल सरकारको वैधानिक कानुन निर्माण भयो । उक्त वैधानिक कानुनअनुसार कर्मचारीहरू भर्ना हुन एउटा दरखास्त परिषद् खडा भयो, उक्त परिषद्ले योग्यता वा ल्याकत जाँचबुझ गरी सरकारलाई सिफारिस गर्ने व्यवस्था गरिएको थियो तर उक्त प्रावधान कार्यान्वयन हुन सकेन ।

नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ५, धारा ३७ अनुसार २००८ असार १ गते नेपाल पब्लिक सर्भिस कमिसनको स्थापना भयो र उक्त कमिसनले सरकारी जागिरमा भर्नाका लागि जाँच गर्नु मुख्य कर्तव्य तोकियो । वि.सं. २०१३ भाद्रमा स्व. टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्वकालमा निजामती सेवा ऐन र नियमावली लागू भयो । यसअनुसार वार्षिक ४०० रूपैयाँभन्दा बढी तलब भएका स्थायी निजामती पदहरूमा पब्लिक सर्भिस कमिसनको परामर्शविना नियुक्त गर्न नहुने व्यवस्था गरिएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ७, धारा ५९ (१) को व्यवस्थाअनुसार लोकसेवा आयोग एक स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित भयो र आयोगले निजामती सेवाका लागि कर्मचारीहरू छनोट गर्न प्रतियोगितात्मक लिखित परीक्षा, अन्तर्वार्ता गरी कर्मचारीहरू नेपाल सरकारलाई सिफारिस गर्न थाल्यो । आयोगका सदस्यहरूको पारिश्रमिक सर्वोच्च अदालतका न्यायाधीशसरह हुने र खर्च सञ्चित कोषबाट व्ययभार हुने व्यवस्था गरियो ।

वि.सं. २०२३ मा नेपालको संविधान, २०१९ संशोधन हुँदा लोकसेवा आयोगको कार्यक्षेत्रलाई अझ व्यापक बनाई त्यसमा निजामती सेवाका स्थायी, अस्थायी, विकासका विभिन्न पद तथा संस्थान, समितिका विभिन्न पदमा विज्ञापन गर्नेदेखि सिफारिससम्मका काम थपियो । एउटा सान्दर्भिक विषय जोडौं, 'बेलायतको निजामती सेवामा सुधार ल्याउन लर्ड फुल्टनको अध्यक्षतामा गठित समितिको प्रतिवेदन ब्रिटेनका प्रधानमन्त्रीले २०२५ असार १३ गते हाउस अफ कमन्समा पेस गरेको र उक्त प्रतिवेदनको एक सुझावमा निजामती सेवा प्रशासनको काम ट्रेजरी डिमार्टमेन्ट (अर्थ मन्त्रालय) अन्तर्गत रही आएकामा निजामती सेवा विभाग खोली निजामती सेवा प्रशासनसम्बन्धी काम सुम्पनुपर्ने र सो विभाग प्रधानमन्त्री मातहत राख्नुपर्ने भन्ने उल्लेख गरेबाट नेपालले स्वतन्त्र संस्थाको हैसियतको रूपमा आयोग बेलायतभन्दा अगाडि पाएको देखिन्छ ।

आयोगलाई समसामयिक रूपमा प्रभावकारी बनाउँदै लैजान २०३० पुस १ गते लोकसेवा आयोग सुदृढीकरण योजना लागू भयो । सुदृढीकरण योजनाले विभिन्न विषयलाई समेटेको पाइन्छ । लोकसेवा आयोगको संगठनलाई वैज्ञानिक आधारमा सुदृढीकरण गर्न, आयोगको गतिविधिहरूमा लक्ष्यमूलक गतिशीलता ल्याउन, आयोगको संगठनलाई अधिकृतमूलक बनाउन, आयोगको संगठन र कार्यविधिमा आमूल परिवर्तन गर्न, अर्को कार्यपालिकालाई क्रमशः अधिकार प्रत्यायोजन गरेर सानातिना दैनिक प्रकारको कामको कार्यबोझ हटाई कर्मचारी प्रशासनको सम्बन्धमा नीति निर्माण गर्न र उक्त नीति तथा सिद्धान्तअनुरूप कार्यपालिकालाई काम गर्न लगाउन र कार्यपालिकाले स्वयं निष्पक्ष र स्वतन्त्र रही कार्य सञ्चालन गर्न उपयुक्त वातावरण तयार गर्ने र आयोगले आफ्नो कार्यक्षेत्रमा कार्यपालिकालाई नेतृत्व दिन सक्ने तुल्याउने रहेको देखिन्छ ।



कच्चा प्रश्नपत्र कम्तीमा पाँच जना विज्ञलाई निर्माण गर्न दिइने व्यवस्था गरिएको र उक्त प्रश्नपत्रहरूलाई पुनः दुई जना विज्ञको टोलीबाट परिमार्जन (मोडेरेसन) गराई कम्तीमा तीन सेट तयार गराई कोड नम्बरमा सिलबन्दी गरी उक्त प्रश्न बैंकमा राख्ने गरिएको र परीक्षा सञ्चालनपूर्व कोड नं. गोलाबाट छनोट गरी परीक्षाका लागि चयन गर्ने गरिएको र उक्त चयन भएको परिमार्जित सेट छपाइ गर्ने गरिएको र छपाइमा बस्ने कर्मचारीहरूले कुनै पनि सञ्चारसम्बन्धी उपकरण प्रयोग गर्न नपाउने, परीक्षा सञ्चालन भएको आधा घण्टासम्म छपाइको निश्चित परिधिबाट बाहिर जान नपाउने व्यवस्था गरिएको छ । दक्ष/विज्ञ वा कर्मचारीका कोही आफन्त भए परीक्षासम्बन्धी सबै चरणका कार्यबाट बाहिरिनुपर्ने व्यवस्था रहेको छ ।

सुदृढीकरण योजनाको सिफारिसबमोजिम चार विकास क्षेत्रमा (पछि एक थप भई पाँच विकास क्षेत्र) प्रादेशिक कार्यालयहरू स्थापना गरी राजपत्र अनंकित स्तरका पदहरू पूर्ति गर्ने कार्य सुम्पिएको देखिन्छ । निजामतीबाहेकका संस्थान, समितिको परीक्षा लिने व्यवस्था आयोगले २०२३ सालदेखि गरेता पनि विविध कारणले २०३२ सालदेखि लिन छाडेको परीक्षा ४८ वर्षपछि फेरि वर्तमान संविधानबाट अधिकार पाएको देखिन्छ । तथापि, लिखित परीक्षाको चरणपश्चातका अन्य परीक्षा सम्बन्धित निकायबाटै लोकसेवा अयाोगको प्रतिनिधिको संलग्नतामा हुने गर्दछन्, जस्तैः अन्तर्वार्ता ।

वि.सं. २००८ मा पब्लिक सर्भिस कमिसनको कार्यालय सिंहदरबारको दोस्रो चोकको उत्तरपट्टीको तेस्रो तलाको दुई वटा कोठामा थियो । कमिसनको काम कारबाहीमा सरसल्लाह दिन सल्लाहकारको रूपमा भारतको आइसिएस अफिसरका गोविन्दनारायण सिंह (जो राजदरबारमा राजा त्रिभुवनको सचिव भएर पनि काम गरेका थिए) भारत नफर्कुन्जेल रहे (भुवनमान सिंह) । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १४ धारा १०१ ले अध्यक्ष र आवश्यकताअनुसार अन्य सदस्यहरू रहने गरी लोकसेवा आयोगको व्यवस्था गरेको पाइन्छ । आयोगको काम, कर्तव्य र अधिकारमा निजामती सेवाको पदमा नियुक्तिका निमित्त उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षाहरू सञ्चालन गर्ने र निजामती सेवाको निवृत्तीभरण पाउने पदमा लोकसेवा आयोगको परामर्शविना स्थायी नियुक्ति नगरिने व्यवस्था गरिएको थियो ।

वि.सं. २०२१ मा विभिन्न विकसित तथा विकासोन्मुख मुलुकहरूको लोकसेवा आयोगजस्तै संस्थाहरूको परीक्षा शैली अवलोकन अध्ययनपश्चात् लिखित परीक्षामा प्रथमपटक सुधार गरी वस्तुगत प्रणाली गरिनुका साथै आइक्यू परीक्षण, सामूहिक योजना, समूह छलफलजस्ता परीक्षा समावेश भएको पाइन्छ । आयोगले २०२३ सालबाट निजामती सेवा पत्रिका चौमासिकरूपमा प्रकाशनको प्रारम्भ गरी नियमितरूपमा प्रकाशन गर्दै आएको छ । वि.सं. २०२७ मा लोकसेवा आयोग कार्यविधि नियम बन्यो र राजपत्रांकित पदको लिखित परीक्षामा तीनपटक असफल भएको उम्मेदवार सोही सेवा श्रेणीका लागि पुनःसम्मिलित हुन अयोग्य मानिनेछ भन्ने कुरा उल्लेख गरिएको थियो । यो व्यवस्था भारतमा पनि थियो । पहिलेपहिले लोकसेवा आयोगले जिल्ला जिल्लामा गएर विज्ञापन गर्ने, दरखास्त लिने, जाँच लिने, अन्तर्वार्ताको प्रबन्ध गर्ने आदि कार्य गर्न र अस्थायी कार्यस्थलको बन्दोवस्तमा ज्यादै कठिनाइ भएकाले थप दरबन्दी माग गरी २०२४ सालमा १२ वटा अञ्चलमा र २०२५ सालमा कर्णाली अञ्चलमा आयोगका कार्यालयहरू स्थापना गरिएको तथ्यांक रहेको छ ।

सुरूसुरूमा अञ्चलहरूमा परीक्षा हुँदा कतिपय स्थानमा चिट चोराउने र त्यहाँका उच्च प्रशासकहरूबाट पनि खासै सहयोग नपाएको कुरा तत्कालीन आयोगका सचिव भुवनमान सिंहले आफ्नो लेखमा प्रस्तुत गर्नुभएको छ । आफूले परीक्षाको इज्जत र मर्यादा राख्न कुनै पनि पदाधिकारी, प्रशासन र स्थानीय महशुर गिरोहरूलाई बेवास्ता गर्दा ज्यानको खतराको गुमनाम पत्रहरू प्राप्त भएकामा आफ्नो कर्म नछोडेको विषय उल्लेख गरेबाट एउटा विश्वासिलो संस्थाको रूपमा स्थापित भएको पाइन्छ ।

एकतीस वर्षसम्म लोकसेवा आयोगमा कार्यरत रहेका भुवनमान सिंहले एउटा लेखमा आफ्नो अनुभव यसरी पनि प्रस्तुत गरेका छन्- 'दरबारका केही मुख्य अधिकृतहरूले पनि बेलावखत दबाब दिन खोज्दथे, आयोगकै केही सदस्यहरूले समेत आफूले भनेजस्तो हेरफेर गर्न पाइएन भने श्री ५ को सरकारबाट नियुक्ति पाएका सचिवले श्री ५ बाट नियुक्ति पाएका संवैधानिक पद धारण गर्ने सदस्यलाई नियन्त्रण गर्न खोज्यो भनी आरोप लगाउँथे, आफन्त, नातेदार साथीभाइहरू रिसाएर मुन्टो फर्काइ हिँड्थे । तसर्थ मेरो अनुभवले यही देखाउँछ कि आयोगका अध्यक्ष, सदस्य, जुनसुकै उच्च तह तथा आहोदाका भए पनि वास्तवमा आयोगको गरिमा बढाउन अथवा खतम पार्नमा सचिवालयको ठूलो भूमिका हुन्छ । अनजान वा जानाजानी आयोगकै अध्यक्ष वा सदस्यले तलमाथि पार्न खोजे त्यसको भागिदार सचिव पनि हुन जान्छ । यस्तोमा सचिवले अडान लिन सक्नुपर्दछ ।

अर्को एक प्रसंगमा सिंहले भनेका छन्, 'ओहोदा ठूलो छ भन्दैमा निष्ठा र इमान्दारिता हुन्छ भन्ने हुँदैन । वि.सं. २०२७ को लोकसेवा आयोग कार्यविधि नियममा ४० प्रतिशत वा सोभन्दा बढी परीक्षामा अंक प्राप्त गरेकामध्येबाट उम्मेदवारको संख्या निर्धारण गर्ने प्रचलन भएको व्यवस्था देखिन्छ । यसरी विभिन्न समयमा कतिपय नराम्रा घटना भए पनि त्यसलाई नियन्त्रण र सुधार गर्दै आयोगले आफ्नो जिम्मेवारी पूरा गर्दै आयोगको छवि उच्च राख्न प्रयत्न गर्दै आएको छ ।'

सर्वप्रथम लिखित परीक्षा २०१४, वस्तुगत, आइक्यू, सामूहिक छलफल २०२२, आधुनिक व्यावहारिक परीक्षणको प्रारम्भको क्रममा मामिला प्रस्तुतीकरण २०७४ र इन बास्केट अभ्यास २०७५ सालबाट सुरू भएको थियो । परीक्षा तथा अन्तर्वार्ताको काममा निष्पक्षता र गोपनीयता कायम राख्न मसिना कमजोरीका छिद्रहरू हटाउन क्रमिक रूपमा सुधार गरिँदै आएको छ । वि.सं. २०७२ को नेपालको संविधानमा भएको संवैधानिक व्यवस्थाअनुसार निजामती सेवाको अलावा सुरक्षा नियकाहरू, संस्थान बोर्ड, समिति, केन्द्र आदिजस्ता जो नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी लगानी रहेको छ, ती सबैको लिखित परीक्षा सञ्चालनको जिम्मेवारी पाएबाट आयोगले हाल १०० भन्दा बढी संस्थाहरूको लिखित परीक्षा सञ्चालन गर्दै आइरहेको छ । वर्तमान समयमा आयोगको कार्यक्षेत्र र जिम्मेवारीमा विस्तार भएको छ ।

आयोगले परीक्षार्थीको पहिचान नहोस् भनी उत्तरपुस्तिकामा दुईपटक भिन्नभिन्न अधिकृत टोलीबाट एक अर्को काममा संलग्नता नरहने गरी संकेती (कोडिङ गर्ने) र उक्त कोडिङ एउटा सचिवको र अर्को अध्यक्षको जिम्मामा रहने विषयगत उत्तरपुस्तिकाहरू सम्बन्धित विषय क्षेत्रका विज्ञ/दक्षबाट परीक्षण गराउने, समय समयमा पाठचक्रमका विषयमा पृष्ठपोषण लिने गरेको, वस्तुगत उत्तरपुस्तिका तीन जना फरकफरक व्यक्तिबाट परीक्षण, पुनः परीक्षण र अन्तिम परीक्षण कार्यालयभित्रै र सुपरीवेक्षेकको सामुन्ने परीक्षण गराउने गरिएको, विशेषगरी उपल्लो श्रेणी/तहका पदमा विषयगत उत्तरपुस्तिकाहरू दुईजना फरक-फरक विज्ञबाट परीक्षण गरिने गरिएको, विज्ञबाट दिइने अंकको तालिका व्यक्तिको नाममा नभई कोड नं. मा चढाउने व्यवस्था रहेको छ । दक्ष/विज्ञबाट परीक्षण गरिएका उत्तरपुस्तिकाहरूमा कर्मचारीबाट पूर्णांकअनुसार अंक दिए नदिएको, कतै छुटेको वा नछुटेको रूजु गर्ने गरिन्छ । मापदण्ड सुहाउँदो मूल्यांकन गरेको नपाइएमा उक्त दक्ष/विज्ञको रोस्टरबाट नाम हटाउने चलन रहेको छ ।

कच्चा प्रश्नपत्र कम्तीमा पाँच जना विज्ञलाई निर्माण गर्न दिइने व्यवस्था गरिएको र उक्त प्रश्नपत्रहरूलाई पुनः दुई जना विज्ञको टोलीबाट परिमार्जन (मोडेरेसन) गराई कम्तीमा तीन सेट तयार गराई कोड नम्बरमा सिलबन्दी गरी उक्त प्रश्न बैंकमा राख्ने गरिएको र परीक्षा सञ्चालनपूर्व कोड नं. गोलाबाट छनोट गरी परीक्षाका लागि चयन गर्ने गरिएको र उक्त चयन भएको परिमार्जित सेट छपाइ गर्ने गरिएको र छपाइमा बस्ने कर्मचारीहरूले कुनै पनि सञ्चारसम्बन्धी उपकरण प्रयोग गर्न नपाउने, परीक्षा सञ्चालन भएको आधा घण्टासम्म छपाइको निश्चित परिधिबाट बाहिर जान नपाउने व्यवस्था गरिएको छ । दक्ष/विज्ञ वा कर्मचारीका कोही आफन्त भए परीक्षासम्बन्धी सबै चरणका कार्यबाट बाहिरिनुपर्ने व्यवस्था रहेको छ । अन्तर्वार्ता समितिमासमेत अन्तर्वार्ताकर्ताहरू एक आपसमा उम्मेदवारको विषयमा मूल्यांकन पूर्व र पश्चात् कुरा गर्न पाइँदैन र प्रत्येक मूल्यांकनकर्ता तोकिएको सीमामा रहेर अंक प्रदान गर्न दबाबबाट मुक्त रहन्छन् ।

नेपालमा प्राविधिक जनशक्ति नहुँदा प्रारम्भमा विदेशका जनशक्तिलाई पनि नियुक्त गरिएको, केही मात्र उपलब्धता हुँदा अन्तर्वार्ताबाट मात्र पनि छनोट गरिएको क्रमशः वस्तुगत परीक्षा प्रणालीबाट मात्र छनोट गरिएकामा वर्तमान समयमा बजारमा पर्याप्त जनशक्ति पाउन थालेपछि विषयगत, वस्तुगत, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल, अन्तर्वार्ताजस्ता परीक्षाका मोडेलहरू आयोगले अपनाएको छ । समयसमयमा अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका परीक्षाका मोडेलहरू अपनाउँदै मेरिटको आधारमा समय सापेक्ष सुधार गर्दै निष्पक्षता कायम गरी अब्बल उम्मेदवार छनोट गर्दै आइरहेको छ । वर्तमान आयोगले परीक्षण प्रविधि सुझाव सुधार समिति बनाई परीक्षण विधिमा आवश्यक सुधार गर्न प्रयत्नशील छ ।

आयोगले आफ्नो कार्यजिम्मेवारीमा भएका विषयलाई व्यवस्थित र प्रभावकारीरूपमा सम्बोधन गर्न संगठित संस्थाको लागि एकीकृत परीक्षा प्रणालीसम्बन्धी अध्ययनसमेत भइरहेको छ । अन्तर्राष्ट्रिय विज्ञताको उपयोग गरी आधुनिक वैज्ञानिक विधिहरूको सम्बन्धमा समयानुकूल सुधार गर्न आयोगले आन्तरिकको साथसाथै विभिन्न विकसित मुलुकसँगसमेत हातेमालो गरी सुधार गर्न प्रयासरत रहेको छ । यसैगरी आयोगको काम कारबाहीलाई समय सापेक्षरूपमा सम्बोधन गर्न आयोगले आफ्नो पञ्चवर्षीय दोस्रो रणनीतिक योजना समेत स्वीकृत गरी कार्यान्वयनमा रहेको छ ।

तथापि, कुनै पनि पद्धति तथा परीक्षण विधिहरू सम्पूर्ण ढंगले पूर्ण हुँदैनन् । अन्तर ाष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने, प्रभाव पुऱ्याउन सक्ने, राज्यका आवश्यकता र सेवा प्रवाहमा हुटहुटी भएका अभिप्रेरित निष्ठावान, इमान्दार, सेवाभाव भएका नेतृत्व दिन सक्ने सेवाग्राहीको गुनासो सम्बोधन गर्न सक्ने क्षमता, सकारात्मक सोच र व्यवहार भएका कर्मचारी छनोट गर्ने परीक्षण विधिहरू अपरिहार्य छ । निष्पक्षता स्थापनाकालको आवश्यकता थियो भने कार्यान्मुख र कार्य तत्परता भएको व्यक्ति छनोट गर्नु आजको आवश्यकता हो । विश्वविद्यालयमा पढाइ भइसकेको विषय फेरि छनोटका लागि परीक्षण गर्ने वा उसभित्र भएको गुण, क्षमता, सीप र व्यवहारको अन्तरनिहित क्षमता परीक्षण गर्नेतर्फको अंकभार बढाउने यो विषयतर्फ आयोगले सोचेर वैज्ञानिक विधिहरू अवलम्बन गर्दै जाने र यस प्रकारको विषयलाई दीर्घकालीन र निरन्तररूपमा आयोगले उच्च प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने हुन्छ । *रासस*

***(लेखक लोकसेवा आयोगका सहसचिव हुन्)***

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**धानको ब्याड** | राप्ती गाउँपालिका–८ पिपरिकी स्थानीय थारु महिला रोपाइँका लागि धानको ब्याड लग्दै । खेत टाढाटाढा हुनेहरू एक ठाउँमा ब्याड राख्ने र रोपाइँको बेला यसैगरी बोकेर लाग्ने गर्दछन् । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# बसाइँसराइ रोक्न सामूहिक गाईपालन

**■ नारायण विक**

**गल्याङ-** बसाइँसराइले गाउँ रित्तिन थालेपछि स्याङजाका युवाले 'गाउँ बसौं, गाउँ फर्कौं' अभियान थालनी गरेका छन् ।

गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, रोजगार, खानेपानी, सडकलगायतको असुविधाका कारण बसाइँसराइ बढ्न थालेपछि गाउँघर शून्य बन्न थालेको थियो । गल्याङ नगरपालिका-९, गेभ्राका युवाले स्वरोजगार सिर्जना गरेर सबैको आर्थिक स्थितिमा सुधार गर्ने र गाउँलेलाई गाउँमै अड्याउन सामूहिक गाईपालन गरेका छन् ।

चार युवा कुसुम भण्डारी, विष्णु भण्डारी, तारा भण्डारी र प्रेम भण्डारीको सक्रियतामा सञ्चालित मुरी एग्रो गाई फार्म प्रालि, म्युजिकल होमस्टे, संगीत समूह एवं पाठशाला, युवा जागरण कृषि सहकारी, कालिका भगवती मन्दिर पर्यटकीय योजना, साना तथा मझौला व्यवसायबाट धेरै जना स्वरोजगार बनेका छन् ।

गाईपालनमा लागेका युवाले धेरैभन्दा धेरै युवालाई जन्मथलोमा स्वरोजगार बन्न प्रेरणा दिने, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्यका लागि सरोकारवाला निकायसँग पहल गर्दै आएका छन् । यहाँका युवाको सल्लाहअनुसार गाउँमा खाली बसेका गाईपालन, बाख्रापालन, तरकारी खेतीलगायतका उद्यममा जोडिएर अर्थोपार्जन गरिरहेका छन् ।

अढाइ वर्ष पहिले सञ्चालित मुरली एग्रो फर्म प्रालि उदाहरणीय भएपछि अध्ययन अवलोकनको थलो बनेको छ । चार युवाले ३० लाख रूपैयाँको लगानी गरेर १३ गाईबाट व्यवसाय सुरु गरेका थिए । हाल फार्ममा होलिस्टन र जर्सी क्रस जातका २८ गाई छन् ।

दुहुँना पाँच, ब्याउनी ११, उन्नत साँढे एक, सानो साँढे एक बाँकी बाच्छाबाच्छी र साँढे नलगाएका गाई छन् । मुरली एग्रो फार्मका सञ्चालक कुसुम भण्डारीले हिउँद बर्खा, ७० देखि १५० लिटरसम्म दैनिक दूध उत्पादन हुने बताए । उनले मासिक डेढ लाख रूपैयाँदेखि तीन लाख रूपैयाँको दूध बिक्री हुने गरेको बताए ।

गेभ्रा कालिका भगवती मन्दिर निर्माण समितिका अध्यक्षसमेत रहेका कुसुमले भौगोलिक विकटता र अनुभवको कमीले सुरुआती चरणमा समस्या झेल्नुपरे पनि पछिल्लो समय सहज हुँदै गएको बताए । अर्का सञ्चालक विष्णुले बसाइँसराइका कारण गाउँ रित्तिन थालेपछि युवाको सक्रियतामा गाईपालन, घरबास, संगीत पाठशाला, कृषि सहकारीलगायतका कार्यक्रम सञ्चालन गरेको बताए ।

'गाउँ बसौं, गाउँ फर्कौं कार्यक्रमअन्तर्गत बसाइँ सरेर गएकालाई गाउँ फर्काउने अभियानसहित गाईपालन सुरु गरेका हौं,' उनले भने, 'गाउँमा भएका प्रत्येक युवालाई कुनै न कुनै उद्यममा जोडिन प्रेरणा दिएका छौं, फलस्वरूप गाउँमा उद्यम गर्नेहरू बढ्न थालेका छन् ।'

घरबासमार्फत बाहिरका मान्छेलाई गाउँमा भित्र्याउने गरेको उनले बताए । विष्णुले भने, 'आएका पाहुनालाई संगीतले स्वागत गर्दै दूधका परिकार, स्थानीयस्तरका जैविक खाना खुवाउने गरेका छौं ।'

अहिले फार्म अवलोकनसहित घरबासमा बस्न आउनेको संख्या बढ्दो छ । यहाँ गाई फार्मको अवलोकन, गेभ्रा कालिका भगवती मन्दिरको दर्शन, संगीतमा रम्न आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । 'बसाइँसराइको क्रम डरलाग्दो थियो,' उनले भने, 'युवा जागरणपछि गाउँमा आर्थिकउपार्जन गर्ने बढेका छन्, दुई अढाइ वर्ष भयो बसाइँसराइ रोकिएको छ ।'

नगरपालिकाका पशुसेवा शाखा प्रमुख सुशील अर्यालले नगरपालिकाले एग्रो फार्मका पशुलाई निःशुल्क बिमा, दूधमा प्रतिलिटर १५ रूपैयाँ अनुदान, ब्याजमा चार प्रतिशत अनुदान, साइजेलमा अनुदान, उन्नत जातको साँढे, गँडेउला मल बनाउने तालिम, घाँसको बीउ, बेर्ना, उपचारलगायतका सहयोग गरेको बताए ।

फार्मले जागरण कृषि सहकारी संस्था लिमिटेडमार्फत गाई पकेट कार्यक्रमअन्तर्गत करिब २५ लाख रूपैयाँ अनुदान लिएको अर्यालको भनाइ छ । उनले अघिल्लो वर्ष दूध चिस्याउन, कुराउनी, खुवा बनाउने मेसिन सहयोग गरेकोसमेत अर्याल बताए ।

नगरप्रमुख गुरूप्रसाद भट्टराईले अमेरिकाबाट प्राविधिक तथा प्रशिक्षक ल्याएर कृषकलाई तालिम, पशुको स्वास्थ्य परीक्षणलगायतका काम नगरपालिकाले गरिरहेको बताए । उनले नमूना कृषकलाई हौसला दिन गोठगोठमै पुगेर अनुगमन गर्ने, गुनासो टिपोट गर्ने र सल्लाह दिने गरिएको जनाउनुभयो । कृषकले ५० प्रतिशत नभएर शतप्रतिशत अनुदानको व्यवस्था गरिदिन सरोकारवालासँग आग्रह गरेका छन् । *रासस*

## भेडापालक कृषक भन्छन्–

# राज्यले नहेर्दा परम्परागत पेसा जोगाउनै मुस्किल



**■ युवराज विष्ट**

**भोजपुर-** भेडापालन व्यवसाय यहाँका लेकाली भेगका किसानका लागि राम्रो आम्दानीको स्रोत बनेको छ । व्यावसायिक भेडापालनबाट यहाँका कृषकले वार्षिक सातदेखि नौ लाख रूपैयाँसम्म आम्दानी गर्दै आएका छन् । पछिल्लो समय भेडाको घिउसँगै मासुको बजारमा राम्रो माग रहेको टेम्केमैयुङका स्थानीय भेडापालक कृषक गोविन्द बस्नेतले बताए ।

भेडापालक कृषकले भेडा, ऊन, घिउ, मोही, छुर्पीलगायत बिक्रीबाट आम्दानी लिने उनको भनाइ छ । त्यस्तै ऊनबाट बन्ने राडी, पाखी, लुकुनीलगायत पनि किसानको आम्दानीको स्रोतका रूपमा रहेको छ । एक कृषकले यो व्यवसायबाट वार्षिक पाँचदेखि नौ लाख रूपैयाँसम्म आम्दानी लिने गरेको बस्नेतले जानकारी दिए ।

'भेडापालनबाट वार्षिकरूपमा पाँचदेखि नौ लाख रूपैयाँसम्म आम्दानी हुन्छ,' उनले भने, 'भेडापालनबाट राम्रो आम्दानी लिन सकिन्छ, यहाँ उत्पादन भएको भेडाजन्य सामग्रीको देशका विभिन्न ठाउँबाट माग हुने गरेको छ ।' औषधिका रूपमा प्रयोग हुने तथा खानमा स्वादिष्ट हुने भएकाले भेडाको घिउको माग धेरै रहेको कृषक शेरबहादुर कठेतले बताए । भेडाको घिउलाई डढेको घाउको खतलाई हटाउनका लागि राम्रो मानिने उनको भनाइ छ ।

भेडाको घिउ प्रतिकिलो चार हजारदेखि पाँच हजार रूपैयाँसम्ममा बिक्री हुने उनले जानकारी दिए । त्यस्तै ऊन प्रतिकिलो ७०० र मासु प्रतिधार्नी एक हजार ५०० देखि दुई हजार ५०० रूपैयाँसम्म पर्ने कठेतले बताए । भेडापालन व्यवसायलाई निरन्तरता दिन सके राम्रो आम्दानी गर्न सकिने किसान उनको भनाइ छ ।

'यो व्यवसायमा दुःख अलि बढी छ, दुःख अनुसारको आम्दानी हुन्छ,' किसान कठेतले भने, 'खास गरेर भेडाको घिउसँगै मासुको माग धेरै छ, भेडाको घिउ औषधि पनि हुन्छ, भेडाको बल्याक्खा (बोका)को पनि माग धेरै छ ।' यहाँका एक कृषकसँग १५० सम्म भेडा रहेको उनले जानकारी दिए । धेरै भेडा हुनेले वर्षमा आठदेखि १० लाख रूपैयाँसम्म आम्दानी गर्ने कृषक कठेतले बताए ।

'भेडा राम्ररी फस्टाए भने आम्दानी राम्रो छ,' उनले भने, '१५० देखि २०० सम्म भेडा पाल्दा आठ/दश लाख रूपैयाँसम्म आम्दानी लिन सकिन्छ ।' यहाँका किसानले उत्पादन गरेको घिउ, राडी, पाखी, लुकुनीलगायत वस्तु स्थानीय बजारसँगै धरान, विराटनगर, काठमाडौंलगायत ठाउँमा जाने गरेको छ ।

पछिल्लो समय युवा पुस्तासमेत भेडापालनमा आकर्षित भएको कृषक कठेतको भनाइ छ । विदेश गएर आएका युवाहरूले पनि व्यावसायिकरूपमा भेडापालन गरिरहेको उनले जानकारी दिए । 'युवा पुस्तामा भेडापालनप्रति आकर्षण छ,' कठेतले भने, 'गाउँका कतिपय युवा विदेशमा कमाइ गर्न नसकेर आएर भेडापालन गरेर राम्रो आम्दानी लिँदै आएका छन् ।'

मैयुङडाँडा क्षेत्रमा २८ भन्दा बढी व्यावसायिक भेडीगोठ रहेको उनले जानकारी दिए । प्रशस्त चरण क्षेत्र भएका कारण यहाँका मैयुङडाँडा, टेम्केडाँडा, चखेवालगायत क्षेत्रलाई भेडापालनका लागि उपयुक्त स्थान मानिन्छ । यो समयमा भेडा माथिल्लो भेगको चरण क्षेत्रमा रहेको भेडापालक कृषक भक्तकुमार राईले जानकारी दिए ।

चिसो मौसममा तल्लो भेगमा झारे पनि बर्षात् अर्थात् तातो याम सुरु भएपछि भेडालाई माथिल्लो भेगमा लगिने किसान राईको भनाइ छ । धेरै दुःखको काम भएकाले यस्तो पेसामा लाग्ने कृषकलाई राज्यले प्रोत्साहनमूलक कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ ।

'यो एउटा परम्परागत पेसा हो,' कृषक राईले भने, 'धेरै ठाउँमा भेडापालन व्यवसाय लोप हुने अवस्थामा पुगेको अवस्था पनि छ, धेरै दुःख कष्टका साथ पुर्ख्यौली पेसालाई धानेका छौं, तर राज्यको ध्यान गएको छैन, राज्यले यस्ता पेसा व्यवसायको संरक्षण ध्यान दिन आवश्यक देख्छु ।'

भेडा बिरामी हुँदा औषधि उपचारका लागि भने समस्या हुने गरेको उनको भनाइ छ । राज्यले किसानहरूको पशु बिमा गरिदिए सहज हुने र किसानलाई थप लाभ पुग्ने उनको भनाइ छ । चरण क्षेत्रमा हुँदा उपचारको अभावमा भेडा मर्ने गरेको किसान राईको भनाइ छ ।

आम्दानी हुने भए पनि भेडापालन व्यवसायमा दुःख तथा समस्या भने धेरै रहेको भेडापालक कृषक नुर्वु शेर्पाले बताए । सामुदायिक वनका कारण चरणका लागि समस्या हुने गरेको उनको भनाइ छ । त्यस्तै बाघ, भालु तथा कुकुरले पनि भेडा मारी दिने समस्या बढी रहेको किसान शेर्पाले बताए । भेडामा देखिने धक्ने, छेर्ने, ढाडिने, माटो खानेलगायत रोगले धेरै दुःख दिँदै आएको उनको भनाइ छ ।

'आम्दानी हुन्छ, तर भेडापालनमा चुनौती पनि छ,' कृषक शेर्पाले भने, 'विभिन्न वन्यजन्तुले भेडा मार्ने डर हुन्छ, चरण क्षेत्रमा पर्ने सामुदायिक वनहरूले महँगो शुल्क लिन्छन्, यहाँ चराएबापत एक भेडीगोठको एक हजारदेखि पाँच हजार रूपैयाँसम्म तिनुपर्छ ।' *रासस*

# धवलागिरिमा 'गाउँमै बसौं, यही उद्यम गरौं' कार्यक्रम




**मुना, म्याग्दी (प्रस)–** म्याग्दीको धवलागिरि गाउँपालिकाले 'गाउँमै बसौं, यही उद्यम गरौं' भन्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा उक्त कार्यक्रमलाई प्राथमिकता दिइएको हो । विदेशबाट फर्केका बेरोजगार युवाहरूको उद्यम विकास, आयआर्जन र व्यवसायमा जोड्न 'गाउँमै बसौं, यही उद्यम गरौं' कार्यक्रम सञ्चालन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । साथै, अल्लो र कागज उद्योग सञ्चालन गर्न अनुदान दिने भएको छ ।

गाउँपालिकाले धातुका सामान निर्माण गर्ने सीप भएका श्रमिकहरूको सीपलाई व्यावसायिकीकरण गर्न 'एक टोल, एक आरन' कार्यक्रम सञ्चालन गर्ने बिहीबार सार्वजनिक भएको नीति तथा कार्यक्रममा उल्लेख छ । 'परम्परागत आरन व्यवसायलाई परिस्कृत गर्न अनुदान दिन्छौं,' बिहीबारदेखि मुनामा सुरु भएको बीसौं गाउँसभामा गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले 'घरेलु र कृषि औजारमा गाउँपालिकालाई आत्मनिर्भर बनाउनाका साथै रोजगारी सिर्जना हुने अपेक्षा गरेका छौं ।' यस्तै, दर्ता नभई सञ्चालनमा रहेका औषधि पसललाई नियमन गर्ने, दीर्घरोगीसँग अध्यक्ष र सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिने, लुलाङ र दरमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिने भएको छ ।

'एक वडा, एक पकेट क्षेत्र' कार्यक्रमलाई निरन्तरता दिने, गाउँपालिकास्तरीय कृषि महोत्सव सञ्चालन गर्ने, घुम्ती गोठलाई सोलार टुकीको व्यवस्था मिलाउने, प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न 'टनेल हाम्रो उत्पादन तपाईंका,' जडीबुटी नर्सरी स्थापना र खेतीलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी जडीबुटीको बिक्री वितरणलाई करको दायरामा ल्याउने नीति लिएको छ ।

विद्यार्थीहरूको पठनपाठनप्रति आकर्षण र सिकाइ उपलब्धि बढाउन शैक्षिक सामग्रीको निर्माण, प्रदर्शनीमार्फत पठनपाठन गराउने, स्थानीय पाठ्यपुस्तक लागू गर्ने, बालमैत्री गाउँपालिका बनाउने, शिवाङको आवासीय माविलाई निरन्तरता दिने, मावि तह सञ्चालन भएका विद्यालयमा परीक्षणका लागि स्मार्ट स्कुलको अभ्यास गरिने, ताकमको अन्नपूर्ण पुस्तकालयलाई पालिकाको अध्ययन केन्द्रका रूपमा विकास गर्ने भएको छ ।

पालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन, राष्ट्रिय र अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई प्रोत्साहन, 'एक वडा एक महिला उद्यम समूह कार्यक्रम'लाई निरन्तरता, बालविवाह न्यूनीकरण र विभेद तथा हिंसारहित समाज निर्माणमा जोड दिने भएको छ । वातावरण प्रदूषण न्यूनीकरण गर्न 'प्लास्टिक बाल्न पनि हुन्न र फाल्न पनि हुन्न' भन्ने अभियान चलाउने तथा सिसाजन्य फोहोरको समस्या न्यूनीकरणको नीति लिएको छ ।

वडास्तरमै पुगेर योजना सम्झौतालगायतका सेवा दिने र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, विद्युतीय माध्यमबाट भुक्तानी गर्ने र राजस्व संकलनमा सफ्टवेयरको प्रयोग गर्ने भएको छ । गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले आगामी वर्षको बजेटमा उपलब्धि देखिने योजना र प्रभावकारी हुने कार्यक्रमका लागि प्राथमिकता दिएको बताए ।

संघीय र प्रदेश सरकारको लागत साझेदारीमा वडा नं १ गुर्जालाई यातायात सञ्जालसँग जोड्ने, जलजला हुँदै ढोरपाटन, खाम्ला-खिवाङ, मल्कवाङ हुँदै रघुगंगाको चौरखानीलाई सडक सञ्जालले जोड्ने नीति लिएको छ । बेनी-दरवाङ-थापाचौर-धारापानी-ताकम-मुना-लुलाङ-गुर्जा-डोल्पा जोड्ने अन्तरप्रदेशस्तरीय काठमाडौंदेखि डोल्पा जोड्ने छोटो दूरीको द्रुत हिमालय राजमार्गको परिकल्पना गरिएको छ ।

## व्यवसायीअनुकूल...

पृष्ठ १ बाट जारी

मदन दाहाललाई पनि ताहाचल कार्यालयमा पुगेर समस्या सम्बोधन गरिदिन आग्रह गरे ।

साथै, वैदेशिक रोजगारीको क्षेत्रमा भइरहेको बेथिति अन्त्य र नीतिगत व्यावधान हटाउनुपर्ने माग गर्दै संघ नेतृत्वले श्रममन्त्री शरतसिंह भण्डारीलाई पटकपटक भेट गरिसकेका छन् । यस्तै वैदेशिक रोजगारका धेरै विषयहरू परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नुपर्ने भएकाले सेवा प्रवाहमा भइरहेका समस्या समाधानमा सहजीकरण गरिदिन भन्दै केही समयअघि संघले परराष्ट्रमन्त्री एनपी साउदलाई भेटी ज्ञापनपत्र बुझायो । शुक्रबार संघका पदाधिकारीसहित व्यावसायिको टोलीले सरकारका नवनियुक्त मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई बधाई तथा शुभकामना दिँदै वैदेशिक रोजगार व्यवसाय क्षेत्रमा देखिएका समस्या समाधनको पहल गरिदिन अन्तरक्रिया गर्‍यो । साथै, प्रधानमन्त्री पुष्पकमल दाहालका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेललाई पनि व्यावसायिक समस्याका कारण व्यवसायीहरू अप्ठ्यारोमा परेको र नीतिगतरूपमा नै सम्बोधन गर्नुपर्ने मागसहित ज्ञापनपत्र बुझायो ।

वैदेशिक रोजगारीका क्षेत्रमा थुप्रै समस्या भएका कारण सम्बन्धित निकायलाई यसबारे जानकारी दिन र सुधारको कार्यमा पहल हुन सकोस् भन्ने उद्देश्यले भेटघाट, छलफल र अन्तरक्रिया गर्दै अइरहेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'वार्षिकरूपमा १०० जना पठाउनैपर्ने बाध्यकारी नियमका कारण झण्डै २५० म्यानपावर कम्पनी नवीकरण नहुने अवस्थामा छन्,' उनले भने, 'असार मसान्त आइसक्यो, यसमा सरकारले पहल नगरे खारेज हुन्छ, बाधाअड्काउ फुकाएर पनि नवीकरण गर्नुपर्छ भनेर संघ लागिरहेको छ ।' हाल सम्बन्धित देशको नेपाली दूतावास तथा नियोगबाट मात्र श्रमिकको मागपत्र स्वीकृत हुने प्रावधान हटाइ अब अनलाइनमार्फत नेपालबाटै स्वीकृत हुनुपर्ने व्यवस्था मिलाउन पनि सम्बन्धित निकायलाई आग्रह गरिएको भुर्तेलले बताए । सेवा शुल्कको विषय पनि जटिल बन्दै गइरहेको भन्दै तत्काल सम्बोधन गर्नुपर्ने व्यवसायीको माग रहेको उनले जानकारी दिए ।

प्रभाव दैनिक




## 'हेर्दाहेर्दै अन्माएर'मा विजय पुन र सोनी

गीतकार हिरा काजी थापाको शब्दमा तयार 'हेर्दाहेर्दै अन्माएर' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । गायक गोपाल सोनामको स्वर रहेको सार्वजनिक गीतमा ओम सुनारको एरेन्ज तथा संगीत रहेको छ । जसमा आफूलाई भन्दा बढी माया गरेकी प्रेमीकाले धोका दिएर पराईसँग विवाह गएको दृश्यले धेरैको मन छुन्छ । प्रेम, रोमान्स र विरहले भरिएको सार्वजनिक गीतको भिडियोमा पछिल्लो पुस्ताका लोकप्रिय मोडलद्वय विजय पुन मगर र सोनी ढुंगानाको अभिनय छ । भिडियोमा देव दोर्जे लामाको छायांकन, साजन शाहको मिक्सिङ मास्टरिङ तथा नविन निरौलाको कलर तथा सम्पादन छ ।



आइतबार, १० असार २०८० (Sunday, June 25, 2023)




■ प्रभाव संवाददाता

**काठमाडौँ–** अभिनेताको रूपमा तीन दशक भन्दा लामो समय चलचित्र क्षेत्रमा बिताएका सरोज खनाल 'बगान' मार्फत निर्देशक बन्दैछन् । उनको डेब्यु निर्देशन रहेको चलचित्र आगामी २९ गते प्रदर्शन हुँदैछ । उनले डेब्यु निर्देशनमै सामाजिक विषयलाई ठूलो पर्दामार्फत समाजमा पुऱ्याउने कोसिस गर्दैछन् । त्यसो त उनले सोच बनाएर आफू निर्देशनमा आएका होइनन् । आफ्नै परिवारमा महसुश गरिरहेको एउटा कथालाई पुस्तकमा पाएपछि उनले त्यसलाई ठूलोपर्दामार्फत समाजसम्म ल्याउने आट गरेका हुन् । उनी यसलाई सर्जकको दायित्वसमेत बुझ्दछन् ।

'मलाई नाटककै लागि नाट्यकर्मी सुनिल पोखरेलले एउटा पुस्तक दिनुभएको थियो । त्यहाँ रहेको कथा कथा मध्ये बगानले मलाई छोयो । यसलाई मैले परिवारमै समेत महसुश गरेको थिएँ', अभिनेता खनालले भने, 'यो कथा म मार्फत नै भन्नु पर्छ भन्ने लागेर तयारी सुरू गरे र निर्देशक बने ।' उनले आफ्नो मामाकी छोरी अर्थात् बहिनीले एकल महिलाको रूपमा भोगेको समस्या र समाजसँग गरेको संघर्षलाई नजिकबाट महसुश गरेका थिएँ ।

सम्पन्नताकै बीच पनि बहिनीको मन खुसी नभएको अभिनेता खनाल सम्झिन्छन् । उनले भने,'एकपटक परिवारको रमाइलो माहोलमा थियौँ । आफ्नै परिवारसँग समेत उनी खुलेर खुसी बाड्न सकेकी थिइनन् । उनमा रहेको दुविधा बाहिर धेरै दिदीबहिनामा हुन सक्छ । त्यसलाई हटाउने र बुझाउने काम ठूलो पर्दामार्फत गर्दैछौँ ।'

ती बहिनीको विवाह भएपछि बल्ल नयाँ जीवन पाएको अभिनेता खनालले सम्झिए । 'अहिले उनलाई छुटै पाउँछु । उनले बल्ल जीवन बचेकी छिन्', उनले भने । आफूलाई कथा वाचक भन्न रुचाउने खनालले चलचित्रमा आफू भन्दा वरिष्ठ कलाकार नै बढी राखेर चलचित्रमा काम गरेका छन् । किनकि सिनियर कलाकार अभिनयमा पोख्त हुनुका साथै चरित्र अनुसार उपयुक्त थिए ।

चलचित्रमा अभिनेत्री करिश्मा मानन्धर र नव अभिनेत्री प्रमिला कार्कीले गरेको अभिनयको निर्देशक र अनुभवी कलाकारको हैसियतले उनले तारिफ गरे । 'यसमा करिश्माको सुन्दरता अभिनयमार्फत व्यक्त भएको छ । उनी सुन्दर छिन्, यो भूमिकाले उनमा झनै सुन्दरता थपेको जस्तो लाग्छ', अभिनेता खनालले भने,'प्रमिला नयाँ थिइन् । छायांकन अगाडी उनले कस्तो गर्लिन् भन्ने थियो तर उनले मसँगै सम्पूर्ण टिमलाई चकित बनाउने काम गरेकी छिन् ।'

एकल महिलाको कथा, समवेदना र शिक्षा महत्वलाई चलचित्रमा प्रस्तुत गरेका अभिनेता खनालले आउँदा दिनमा समेत सामाजिक विषयवस्तुलाई ठूलो पर्दामा ल्याउने योजना सुनाए । यद्यपि कलाकारितालाई पनि सँगै अगाडी बढाउने उनले बताए । चलचित्र 'बगान' मा आकाश श्रेष्ठ, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मालगायतका कलाकारले पनि अभिनय गरेका छन् ।

स्वप्न नीरवको कथामा तयार भएको चलचित्रमा गौरीशंकर धुजुले छायांकन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहले सम्पादन, समिर मियाँले भि.एफ.एक्स. तथा रेनिश फागोले रंग संयोजन गरेकाछन् । प्रदर्शनका लागि चलचित्रको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौँ उपत्यका र मोफसलमा एफडी कम्पनीले गर्दैछ ।

# 'जय हो'को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्देशक शोभित बस्नेत प्रस्तुतकर्ता रहको सिनेमा 'जय हो'को १ मिनेट १४ सेकेन्डको टिजर शुक्रबार ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको छ । आगामी भाद्र ८ अर्थात अगष्ट २५ मा सिनेमा बिदेश र नेपालमा एकसाथ प्रदर्शनमा आउँदै छ ।

टेक पौरखी राईको निर्देशन निर्माण भएको सिनेमामा अर्पण थापा, सलोन बस्नेत, केकी अधिकारी, निशा अधिकारी, माओत्से गुरुङ, प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको छ ।

सिनेमामा सम्राट बस्नेत द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन, समीर मियाँको भिएफएक्स र केबलमान सिङ बस्नेत प्रोडक्सन डिजाइनर रहेको सिनेमाका मुख्य सहायक निर्देशक दिप्तप्रकाश अधिकारी हुन् ।

मुस्ताङका विभिन्न रमणीय स्थानलाई देखाइको सिनेमामा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ । कमेडी, एक्सन र लभस्टोरीको समिश्रण रहेको सिनेमाका निर्माता राज के अधिकारी र सुरज सरकार हुन् ।

सलोन सलिना फिल्म्सको व्यानरमा निर्माण भएको सिनेमाको सार्वजनिक पोस्टरले दर्शकबाट राम्रो प्रतिक्रिया पाएका थिए । पोस्टरले दर्शकमा बढाएको कौतुहल्ता सार्वजनिक टिजरले अझै बढाउने विश्वास निर्माण टिमलाई छ । सिनेमालाई जिजिए ग्रूपले वितरण गर्दैछ ।

# राजुको निर्देशनमा 'मेयर साहेब' निर्माण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजु गिरीको निर्देशनमा नेपाली सिनेमा 'मेयर साहेब' निर्माण हुने भएको छ । शुक्रबार निर्देशक गिरीले सिनेमाको टाइटल पोस्टर सार्वजनिक गर्दै सिनेमाको निर्माण घोषणा गरेका हुन् ।

आगामी भाद्र महिनाबाट फ्लोरमा जाने सिनेमाको लागि अहिले कलाकार छनोटको काम भैरहेको छ । चाँडै सिनेमाको कास्ट एण्ड क्रिउको जानकारी दिने तयारी निर्माण टिमको छ ।




राजनितिक बिषयमाथि निर्माण हुने सिनेमाको हाल प्रि-प्रोडक्सन र कथा लेखनको काम भैरहेको छ ।

बिनिता फिल्मस्को प्रस्तुतिमा निर्माण हुने सिनेमामा बिनिता गुरुङ र मौषमी महर्जनको लगानी रहनेछ । सिनेमामा निर्देशक गिरीको कथा, भोजराज देवकोटाको पटकथा तथा संवाद र अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत रहनेछ । नारायण खाती सिनेमाका सह-निर्माता हुन् ।

निर्माता खाती प्रस्तुतकर्ता र निर्देशक राजु गिरीको निर्देशन रहेको सिनेमा 'नम्बरी सुन' प्रदर्शनको तयारीमा छ । यो सिनेमा आगामी भाद्र १ गतेबाट नेपालभरका सिनेमा घरमा रिलिज हुँदैछ ।



**विश्वकप छनोट**

# नेपालको विश्वकप सपना अधुरै



**काठमाडौं (प्रस)–** आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगिता अन्तर्गत नेदरल्यान्ड्ससँग पराजित हुँदै नेपाल समूह चरण बाहिरिएको छ । टाकासिंगा स्पोर्टस् क्लबमा नेदरल्यान्ड्ससँग जित्नै पर्ने खेलमा नेपाल ७ विकेटले पराजित भएको हो । प्रतियोगिताको समूह चरणबाट बाहिरिने नेपाल तेस्रो राष्ट्र बनेको छ । यस अघि नेपालसँगै समूह 'ए' मा रहेको अमेरिका तथा समूह 'बी'मा रहेको युएई प्रतियोगिताबाट बाहिरीसकेका छन् । नेपाल बाहिरिएसँगै जिम्बावे र वेस्ट इन्डिज पनि सुपर सिक्समा स्थान बनाउन सफल भएका छन् ।

नेपालले दिएको १ सय ६८ रनको लक्ष्य नेदरल्यान्ड्सले २७ दशमलव १ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो । नेदरल्यान्ड्सको जितमा ओपनर म्याक्स ओ डाउडले ७५ बलमा ८ चौका र ४ छक्काको सहयोगमा ९० रनको अर्धशतकीय ईनिङ खेले । अर्का ओपनर विक्रमजित सिंहसँग मिलेर पहिलो विकेटका लागि ८६ रनको सानदार साझेदारी गरे ।

सिंहले ४३ बलमा ३ चौका र १ छक्काको सहयोगमा ३० रनको योगदान गरे । सिंह सन्दीप लामिछानेको बलमा आउट भएका थिए ।

तेस्रो विकेटका लागि ओ डाउनले बास डि लिडासँग ६८ बलमा ६२ रनको साझेदारी गरे । बास डि लिडाले ३९ बलमा ६ चौकाको सहयोगमा अविजित ४१ रन बनाए ।

नेपालका लागि सन्दीप लामिछानेले २ तथा गुलसन झाले १ विकेट लिएका थिए ।

त्यसअघि पहिले टस हारेर ब्याटिङ गरेको नेपाल ४४ दशमलव ३ ओभरमा १ सय ६७ रन बनाउदै अलआउट भएको थियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले ५५ बलमा ३ चौका र १ छक्काको सहयोगमा सर्वाधिक ३३ रन बनाएका थिए । नेपालका ओपनर आसिफ शेख तेस्रो ओभरको दोस्रो बलमा शुन्य रनमा आउट भएका थिए ।

नेपालका कुनै ब्याटरका बीचमा पनि सम्झनलायक साझेदारी हुन सकेन । सन्दीप लामिछानेले ३३ बलमा ४ चौकाको सहयोगमा २७ रन बनाएका थिए । ओपनर कुशल भुर्तेलले ४२ बलमा २ चौकाको सहयोगमा २७ रन बनाएका थिए ।

भीम सार्कीले ५६ बलमा १ चौकाको सहयोगमा २२ रन बनाए । दीपेन्द्रसिंह ऐरीले १४ तथा कुशल मल्लले १२ रन बनाए । नेदरल्यान्ड्सका लागि लगन भान विकले ४ तथा बास डि लिड र विक्रमजित सिंहले समान २/२ विकेट लिए । क्लेटन प्लोयट र आर्यान दत्तले समान १/१ विकेट लिए । सुपर सिक्समा पुग्न नेदरल्यान्ड्सलाई हराउन पर्ने नेपालको यात्रा रोकिएको छ । जितसँगै नेदरल्यान्ड्स भने सुपर सिक्सका लागि छनोट भएको छ । सुपर सिक्समा प्रवेश गरेको नेदरल्यान्ड्सको एकदिवसीय विश्वकपमा छनोटको सम्भावना समेत जिवित रहेको छ ।

नेपाल पहिलो खेलमा जिम्बावेसँग ८ विकेटले पराजित भएको थियो । दोस्रो खेलमा अमेरिकालाई ६ विकेटले हराएको थियो । नेपालले तेस्रो खेलमा वेस्टइन्डिजसँग १ सय १ रनको फराकिलो हार व्येहोर्न पुगेको थियो ।

**साफ च्याम्पियनसिप**

# चीर प्रतिद्वन्द्वी भारतसँग पराजित हुँदै नेपाल पहिलो चरणबाटै बाहिरियो

■ प्रभाव संवाददाता



**काठमाडौं** साविक उपविजेता नेपाल भारतमा जारी १४औं संस्करणको साफ च्याम्पियनसिप फुटबलको समूह चरणबाट बाहिरिएको छ । बैंगलोरस्थित श्री कांतिराव स्टेडियममा शनिबार साविक विजेता भारतसँग २-० ले पराजित भएपछि नेपाल समूह चरणबाटै बाहिरिएको हो ।

भारतलाई जित दिलाउन कप्तान सुनिल क्षेत्री र महेश सिंह नोरिमले एक एक गोल गरे । पहिलो हाफमा भारतविरुद्ध उत्कृष्ट खेलेको नेपालले दोस्रो हाफमा भने दुई गोल खाएको थियो । खेलको ६१ औं मिनेटमा सुनिलले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएका थिए । त्यसपछि खेलको ७० औं मिनेटमा महेशले गोल गर्दै भारतलाई २-० को जित दिलाए ।

यस जितसँगै समूह 'ए' बाट भारतले सेमिफाइनलमा स्थान बनाएको छ । भारतले २ खेलमा ६ अंक जोडेको छ । लगातार दोस्रो जित निकालेको भारत दोस्रो स्थानमा रहेको छ । भारतले पहिलो खेलमा पाकिस्तानलाई ४-० ले हराएको थियो ।

नेपाल भने एक खेल अगाबै समूह चरणबाट बाहिरिएको छ । पहिलो खेलमा नेपाल कुवेतसँग ३-१ ले पराजित भएको थियो । भारतसँगै कुवेत पनि सेमिफाइनल प्रवेश गरेको छ । कुवेतले शनिबार पाकिस्तानलाई ४-० ले हराएको थियो ।

कुवेत २ खेलमा ६ अंक जोडेर शीर्ष स्थानमा रहेको छ । अब नेपालले तेस्रो तथा समूह चरणको अन्तिम खेलमा मंगलबार पाकिस्तानविरुद्ध खेल्नेछ ।

नेपाल अंकविहीन रहदै तेस्रो स्थानमा रहेको छ । पाकिस्तान पनि अंक विहीन रहदै पुछारमा रहेको छ । पाकिस्तान पनि समूह चरणबाट बाहिरिएको छ ।

# स्केटबोर्डमा विजय र समीक्षालाई उपाधि

**काठमाडौं (प्रस)–** विजय लिम्बू र समिक्षा राईले छैटौं राष्ट्रिय स्केटबोर्ड प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । फ्रिस्टायल बेस्ट रन स्पर्धाको पुरुषमा विजय तथा महिलामा समिक्षा पहिलो भएका हुन् ।

नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघद्वारा आयोजित प्रतियोगिताको पुरुषमा बसन्त राई दोश्रो तथा गजेन्द्र बर्देवा तेश्रो भए । महिलामा स्वाति श्रेष्ठ दोश्रो तथा अर्लिन लामा तेश्रो स्थानमा रहे । पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गरे ।

रविभवनस्थित नाथम कलेजमा भएको प्रतियोगिताका विजेतालाई संघीय सांसद् शोभिता गौतम, आयोजक संघका अध्यक्ष अच्यूत खनाल, महासचिव सत्य थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । त्यसअघि प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले उद्घाटन गरेका थिए ।

प्रतियोगिताको पुरुषमा १ सय ५० तथा महिलामा ४० गरी १ सय ९० खेलाडी सहभागी थिए । शुक्रबार खेलाडीको छनोट प्रतियोगिता भने सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको थियो । त्यसबाट पुरुष/महिलामा समान १०-१० खेलाडी फाइनल चरणलाई छनोट गरिएको थियो ।

काठमाडौंमा राष्ट्रिय प्रतियोगिता भएको यो तेश्रो पटक हो । बाँकीका तीन संस्करण पर्यटकीय नगरी पोखरामा भएको थियो ।


रुसी सेनासँगको सबैभन्दा ठूलो लडाइँ भएको ठाउँ युक्रेनको डोनेट्स्क क्षेत्रको हवाई दृश्य । *तस्बिर: एपी*

# वाग्नर लडाकुलाई आत्मसमर्पण गर्न रूसको आग्रह

**मस्को–** रूसमा वाग्नर लडाकू समूहले सशस्त्र विद्रोहको प्रयास गरेको भन्दै रूसी रक्षा मन्त्रालयले उक्त समूहलाई शनिबार आत्मसमर्पण गर्न आग्रह गरेको छ ।

'हामी तपाईंलाई विवेकशील हुन र रूसी रक्षा मन्त्रालय वा कानुन प्रवर्तन एजेन्सीका प्रतिनिधिहरूसँग जतिसक्दो चाँडो सम्पर्कमा आउन आग्रह गर्दछौं । हामी सबैको सुरक्षाको प्रत्याभूति दिनेछौं,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

रूसी संघीय सुरक्षा सेवाको जनसम्पर्क केन्द्रले वाग्नर निजी सैन्य समूहका प्रमुख येभगेनी प्रिगोजिनविरुद्ध सशस्त्र विद्रोहका लागि उक्साएको अभियोगमा फौजदारी मुद्दा दायर गरिएको जनाएको छ । प्रिगोजिनको टेलिग्राम च्यानलमार्फत विद्रोहको चेतावनीका थुप्रै श्रव्य सामग्री पोस्ट गरिएपछि यो अपिल आएको हो ।

रूसी समाचार संस्था तासका अनुसार यी रेकर्डिङमा प्रिगोजिनले आफ्नो एकाइमा आक्रमण भएको दाबी गर्दै रूसको सैन्य नेतृत्वलाई आक्रमण गर्ने योजना बनाएको उल्लेख छ ।



यी घटनाहरूपछि मस्कोमा सुरक्षा उपायहरू उल्लेखनीय रूपमा सुदृढ गरिएको छ । अत्यावश्यक सुविधाहरू, राज्यका संस्थाहरू र यातायात पूर्वाधारहरूलाई उच्च सुरक्षामा राखिएको छ र प्रहरी र प्रतिकार्य एकाइहरू उच्च सतर्कतामा राखिएको तास समाचार एजेन्सीले जनाएको छ । *रासस/सिन्ह्वा*

# युएईका विदेशमन्त्री र बेलायत विदेश राष्ट्रमण्डल प्रतिनिधिबीच भेटवार्ता

**अबुधाबी–** युएईका विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाहयानले मध्यपूर्व, उत्तर अफ्रिका, दक्षिण एसिया र संयुक्त संघका राज्यमन्त्री लर्ड तारिक अहमदसँग भेटवार्ता गरेका छन् । उनी बेलायत विदेश राष्ट्रमण्डल र विकास कार्यालय एवं द्वन्द्व रोकथाम विषयमा प्रधानमन्त्रीका विशेष प्रतिनिधि हुन् ।

अबुधाबीमा भएको भेटवार्तामा दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध र आपसी सहयोग र साझेदारीको समीक्षा भएको बताइएको छ । उनीहरूबीच आपसी हितका विभिन्न विषय, द्वन्द्वग्रस्त क्षेत्रमा नागरिकको सुरक्षा, उनीहरूलाई सहयोग र मानवीय प्रतिक्रिया प्रदान गर्नेबारे पनि छलफल गरेका थिए ।

सो अवसरमा अन्तर्राष्ट्रिय संगठनको ढाँचामा संयुक्त सहयोगको समीक्षा, विकास र समृद्धिका लागि जनताको आकांक्षा पूरा गर्नुका साथै विभिन्न क्षेत्र, विश्वको सुरक्षा, शान्ति र स्थिरता अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल भएको थियो ।

शेख अब्दुल्लाह बिन जायद, लर्ड तारिक अहमदबीच युएई-युकेसम्बन्धको गहिराइ, विभिन्न क्षेत्रमा दुई देशद्वारा प्राप्त विशिष्ट रणनीतिक साझेदारीमा जोड दिइएको बताइएको छ । *रासस/एएनआई*

# गर्मीमा धेरै बाहिरी गतिविधिहरू नगर्न आग्रह

**बेइजिङ–** चीनको राजधानी बेइजिङका प्रमुख भागहरूमा पछिल्लो समय उच्च तापक्रमको अनुभव भइरहेको भन्दै नगर अधिकारीहरूले विद्यालयहरूलाई बाहिरी गतिविधि आयोजना नगर्न आग्रह गरेका छन् ।

नगर शिक्षा अधिकारीहरूले स्थानीय विद्यालयहरूलाई विद्यार्थीहरूको भलाइ सुनिश्चित गर्नका लागि धेरै बाहिरी गतिविधिहरू आयोजना नगर्न आग्रह गरेका हुन् ।

शुक्रबार राति, सम्बन्धित अधिकारीहरूले एक सूचना जारी गर्दै विद्यार्थीहरूको लागि बाहिरी गतिविधिहरूको समय परिमार्जन गर्न र उच्च तापमान मौसमको अवधिमा कक्षाहरू कम गर्न वा स्थगित गर्न विशिष्ट उपायहरू सोच्न आग्रह गरेका हुन् ।

आइतबारदेखि सुरु हुने तीन दिने ड्रागन बोट फेस्टिभलको बिदापछि विद्यालयहरूलाई चर्को गर्मीका कारण विद्यार्थीहरूका लागि धेरै 'आउटडोर' गतिविधिहरू आयोजना नगर्न सल्लाह दिइएको सूचनामा उल्लेख छ ।

बेइजिङले शुक्रबार उच्च तापक्रमका लागि 'रेड अलर्ट' जारी गरेको छ । चीनको सावधानी प्रणालीमा यो सबैभन्दा कडा चेतावनी हो ।

सहरको मौसम विज्ञान केन्द्रले यसअघि गरेको पूर्वानुमानअनुसार बेइजिङका अधिकांश क्षेत्रमा शुक्रबारदेखि आइतबारसम्म अधिकतम तापक्रम ३७ देखि ४० डिग्री सेल्सियससम्म रहने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८०/03/0९ | LT. No. 288252 | चलानी नं. ६०२०३६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 50 | 0 | 1100 | ३९२८१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gypsum Carpenters | 50 | 0 | 1100 | ३९२८१ | | | | | | | |
| 3 | Helper | 50 | 0 | 800 | २८५६८ | | | | | | | |
| 4 | MASON | 50 | 0 | 1100 | ३९२८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १४ गते (29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**    श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIT CLEANING & CONTRACTING WLL

पुर्व स्वीकृति मिति : २०८०/03/0८ | LT. No. 288292 | चलानी नं. : ६०२०३६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1500 | ५४२४७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 4 | 8 | 1200 | ४३३९७ | | | | | | | |
| 3 | PLUMBER | 3 | 0 | 1200 | ४३३९७ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1500 | ५४२४७ | | | | | | | |
| 5 | SUPERVISIOR | 3 | 1 | 2500 | ९०४१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १७ गते (2nd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**

श्रम ईजाजत नं १५७०/०७९/८०

Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780

Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com


## सुनकोशी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली

## आन्तरिक आय संकलन सम्बन्धी कार्यको शिलबन्दी बढाबढ बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०।०३।१०)

यस सुनकोशी गाउँकार्यपालिकाको प्रारम्भिक वातवरणीय परीक्षण (आ.ई.ई) स्वीकृत भएअनुसार आन्तरिक कर संकलनको लागि उल्लेखित स्थानहरुबाट ढुंगा, बालुवा र गिट्टी उत्खनन्, सकंलन र जिल्ला भित्र तथा बाहिर निकासी गरी कर उठाउन र यस सुनकोशी गाउँपालिकाको वडा नं. २ स्थित कमेरेफाँटमा रहेको ४ वटा सार्वजनिक पोखरीहरु हाल जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा माछा उत्पादन गरी विक्री वितरण गर्ने प्रयोजनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त सम्बन्धित इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र शिलबन्दी बोलपत्र पेस गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

**कामको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ठेक्का अंक | बोलपत्र दाखिला अन्तिम मिति | ठेक्काको म्याद |
|---|---|---|---|---|---|
| 1 | SUNRM/REVENUE/01/080/081 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Sunkoshi River at Sunkoshi Rural Municipality ward no 1, 2 and 3 (Package I) | रु. १,४४,००,०००/- मु.अ.कर सहित | २०८०/०४/०९ | सम्झौता मितिबाट २०८१/०३/३१ |
| 2 | SUNRM/REVENUE/02/080/081 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Sunkoshi River at Sunkoshi Rural Municipality ward no 5,6 and 7 (Package II) | रु. ९६,००,०००/- मु.अ.कर सहित | २०७९/०४/०९ | सम्झौता मितिबाट २०८१/०३/३१ |
| 3 | SUNRM/REVENUE/03/080/081 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Ghyampe River at Sunkoshi Rural Municipality 01 | रु. १,४६,९२,७६१.७२/- मु.अ.कर सहित | २०७९/०४/०९ | सम्झौता मितिबाट २०८१/०३/३१ |
| 4 | SUNRM/REVENUE/04/080/081 | Internal Revenue Collection from Fish Pond located at Sunkoshi Rural Municipality 02, Kamerephaat, Sindhuli | रु. २०,००,०००/- मु.अ.कर सहित | २०७९/०४/०९ | सम्झौता मितिबाट २०८५/०३/३१ (बहुवर्षिय) |

- शिलबन्दी बोलपत्र फारम बापत दस्तुर : रु. ३,०००/- (खाता नं. १४८०१००३०१०१०००२ मा दाखिला गर्नुपर्ने)
- बोलपत्र जमानत : कबोल गरेको अकंको ३% हुन आउने रकम बैंक जमानत यस गाउँपालिकाको राष्ट्रिय वाणिज्य बैक रामटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. १४८०१००३०३००००००२ मा जम्मा भएको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।
- बोलपत्र फारम अध्ययन गर्नु परेमा www.bolpatra.gov.np/egp बाट अध्ययन गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०९८०० | प्रति तोला - १०९३०० | प्रति तोला - १३३५ |



सुर्खेत विमानस्थलबाट हुम्लामा नुन लैजान जहाजमा राखिँदै । हुम्लामा राष्ट्रिय सडक सञ्जाल नपुग्दा जहाजबाटै सरकारले भाडा व्यहोरेर सहुलियतमा नुन लग्नुपर्ने बाध्यता रहेको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

# प्रतिस्पर्धी बजारबाट हामीले फाइदा उठाउनुपर्छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले पर्यटन, कृषि व्यवसाय, आईटी र हाइड्रोपावरको क्षेत्रमा लगानी बढाउन सकियो भने प्रतिस्पर्धा बजारबाट फाइदा उठाउन बताएका छन् । नेपाल उद्योग परिसङ्घ (सीएनआई) को २० औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले भने, 'हामी कुन क्षेत्रमा प्रतिस्पर्धी हुनसक्छौं, कुनमा सक्दैनौं, त्यसको निर्क्योल सरकारले मात्र होइन, निजी क्षेत्रले पनि गर्नुपर्छ ।'

चलायमान अर्थतन्त्र निर्माणका लागि सरकार प्रतिबद्ध रहेको साथै सरकार निर्यात बढाएर आयात घटाउन प्रतिबद्ध र जलविद्युत निर्यात एउटा सम्भावित क्षेत्र रहेको उनले बताए ।

सीएनआईले बजेट वाच भनेर एउटा पुस्तक प्रकाशित गरेको छ, बजेटमा के के कुरा छन्, यसको कार्यान्वयनका लागि के गर्नुपर्छ । यो हामी सबैका लागि उपयोगी हुने बताउँदै मन्त्री डा. महतले भने, 'नेपालमा सबैभन्दा ठूलो समस्या कार्यान्वयन हो । हामी धेरै कुरा भन्छौं, कार्यान्वयन गर्दैनौं, जसले गर्दा परिणाम आउँदैन । वर्तमान सरकार कार्यान्वयनमा केन्द्रित भएको छ ।'

सम्पूर्ण मन्त्रालयका सचिवहरूलाई प्रस्ताव गरिएको हरेक कामको कार्यतालिका छ, त्यो अनुसार कार्यान्वयन हुनैपर्छ भनेको छु । यसमा ढिलो गर्नेको कुनै गुन्जायस छैन, प्रधानमन्त्रीले पनि त्यही किसिमको निर्देशन दिएको मन्त्री डा. महतले सम्बोधनका क्रममा बताए ।

'सीएनआईले विभिन्न विषय उठान गरेको छ । खास गरी नेपाली उद्योगहरूलाई कम्तीमा एक तहको संरक्षण दिने उद्देश्य छ । कतिपय ठाउँमा दुई तहको संरक्षण पनि छ । यसले नेपाली उद्योगलाई केही न केही राहत पुग्छ भन्ने मैले विश्वास लिएको छु' उनले भने, 'यो प्रतिस्पर्धी विश्व हो, संरक्षणको छाताभित्र बसेर हामी अगाडि बढ्न सक्दैनौं । तर एक तहको सुरक्षा अनुभूति हामीले दिनुपर्छ, त्यो हामीले दिएका छौं ।'




'हामीले जुन बजेट प्रस्ताव गरेका छौं, कतिपय उद्योगी व्यवसायी बेखुशी हुनुहुन्छ । विशेषगरी व्यापारमा संलग्न साथीहरू खुशी नहुन सक्नुहुन्छ । समग्रमा मन्दीबाट समृद्धिको कुरा, लगानीको नारा प्रस्ताव गर्नुभएको छ, त्यसका लागि त्यो आवश्यक थियो । ट्रेडिङ बेस सिस्टम, बेच्ने हाम्रो कम छ, किन्ने मात्रै छ, यसैमा आधारित हाम्रो अर्थतन्त्रलाई परिवर्तन गर्नुपर्छ । परिवर्तनको सुरुवात हामीले गरेका छौं, सुधारको पहिलो स्टेप चालेका छौं' उनले भने, 'सम्पूर्ण सुधारलाई हामीले एकैपटक लैजान सक्ने अवस्था थिएन, समय छोटो थियो, सुधारमा टेकेर हामी ०८१-०८२ मा पुग्दा अहिलेदेखि हामी होमवर्क गर्न थाल्नुपर्छ । हाम्रो आन्तरिक फाइनान्सियल सिस्टम रि-स्टक्चर गर्ने कुरा हो । के प्रभावकारी भयो, के भएन, त्यसको मूल्यांकनको आधारमा हामीले बजेटलाई नयाँ दिशा दिन जरुरी छ ।'

'हामीले यसपटक कर बढाएका छैनौं । कति कमी वा बढी भयो भन्ने बारेमा तुलनात्मक अध्ययन गरौंला । अहिलेको बजेटमा करको दायरा विस्तार गर्ने कुराहरू गरेका छौं । भ्याटमा छुटको सूचि प्रत्येक वर्ष बढ्दो छ, त्यो छुटको सूचि बढ्ने क्रममा रोकेका छौं । एकाउन्टिङ सिस्टममा जान हिचकिच्चाएको देखिन्छ, समस्या त्यही छ' मन्त्री डा. महतले भने ।

'कतिपय उद्योग व्यावसायी साथीहरूले हामीलाई अर्को कर लगाइदिए हुन्छ, भ्याट लगाइदिनु भएन भन्नुभयो । भ्याट भ्यालु एडिसनमा मात्र लाग्ने हो, ट्रान्जेक्सनमा लाग्दैन । नयाँ सिस्टममा जान जुन हिचकिचावट छ, पनि समस्या हो, मन्त्री डा. महतले भने, 'नयाँ सिस्टममा हामी जानैपर्छ । सबैलाई यसमा बानी पार्नैपर्छ । जहाँसम्म केही वस्तुहरूमा नलागेको भए हुन्थ्यो भनिएको छ, त्यसमा पनि लजिकहरू छ । कतिपय ठाउँमा प्राविधिक रूपमा इरर भएको हुनसक्छ, समग्रमा हाम्रो अर्थतन्त्रलाई चलायमान गर्नेतर्फ बजेट उन्मुख छ ।'

मन्त्री डा. महतले भने, 'हाम्रो अर्थतन्त्र अब चलायमान हुन्छ, मौद्रिक नीतिले थप कुरा ल्याउँछ भन्ने कुरामा मलाई विश्वास छ । हामीले पूँजीगत खर्चको स्पेस बढाउन सकिएन । साधारण खर्चअन्तर्गत सामाजिक सुरक्षा खर्चबाट पछि हट्ने सक्ने अवस्था थिएन । साधारण खर्च बढाउँदै जाने प्रवृत्ति रोकेका छौं । अर्कोतर्फ ऋण र ब्याज तिर्ने दायित्व हाम्रो बढ्दै गयो, अर्को वर्ष अझ बढ्दैछ । यो चाहिँ हाम्रा लागि चासो र चिन्ताको विषय हो । यसले पूँजी र खर्चमा दबाब अझ बढ्दै गएको छ ।'

'खर्च जहाँ तय भएको छ, त्यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुन्छ । पूँजीगत खर्च गर्न सकियो भने अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ । सरकारको प्रभावकारी खर्च, निजी क्षेत्रको अग्रसरता र त्यसमा सरकारद्वारा गरिने फ्यासिलेसनमार्फत् हामी अर्थतन्त्रलाई चलायमान गर्न सक्छौं, मन्त्री डा. महतले भने ।

# भन्सारको कारोबार घट्यो

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** नेपाल सरकारलाई सबैभन्दा बढी राजस्व दिने वीरगञ्ज भन्सार कार्यालयमा पछिल्लो समय प्रज्ञापनपत्रको प्रयोग घट्दै गएको छ । गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा प्रज्ञापनपत्रको प्रयोग २४ प्रतिशतले कम भएको हो ।

आव २०७८/७९ को साउनदेखि जेठसम्ममा वीरगञ्ज भन्सार कार्यालयले एक लाख ८१ हजार चार सय ६१ प्रज्ञापनपत्र प्रयोग गरेको तुलनामा चालु आवको सोही अवधिमा एक लाख ३८ हजार एक सय ७२ प्रज्ञापन प्रयोग भएको छ । यो समीक्षा अघिल्लो वर्षको तुलनामा ४३ हजार दुई सय ७९ कम हो ।

गत आवको तुलनामा चालु आवको ११ महिनामा रातो च्यानलबाट २३, पहेंलो च्यानलबाट २० र हरियो च्यानलबाट ३४ प्रतिशत प्रज्ञापनपत्र कम प्रयोग भएको भन्सार कार्यालयका सूचना अधिकारी रामचन्द्र शर्मा ढकालले जानकारी दिए । उनले वीरगञ्ज नाका प्रयोग गरी हुने आयात निर्यातमा कमी भएका कारण प्रज्ञापनपत्रको उपयोग घटेको र यसको नकारात्मक प्रभाव भन्सारको राजस्व सङ्कलनमा समेत परेको बताए ।

चालु आवको साउनदेखि जेठसम्मका लागि भन्सार विभागले रु दुई खर्ब ३७ अर्ब ५८ करोड राजस्व सङ्कलनको लक्ष्य दिएको तुलनामा कार्यालयले लक्ष्यभन्दा ४० प्रतिशत कम अर्थात् रु एक खर्ब ४२ अर्ब ३० करोड मात्र सङ्कलन गरेको उनले जानकारी दिए । उनले सबैभन्दा बढी राजस्व दिने इन्धनको आयातमा २५ र वाहन आयातमा ७० प्रतिशतभन्दा बढी कमी देखिएका कारण राजस्व सङ्कलनको लक्ष्य हासिल हुन नसकिएको बताए ।

# कीर्तिमानी आरोही शेर्पालाई लुम्बिनी विकास बैंकको सम्मान




**काठमाडौं (प्रस)–** कीर्तिमानी पर्वतारोही कामी रिता शेर्पालाई लुम्बिनी विकास बैंकले सम्मान गरेको छ । २८औं पटक विश्वकै सर्वोच्च शिखर सगरमाथाको सफल आरोहणको क्रममा लुम्बिनी विकास बैंकको लोगो अंकित ब्यानर सहित उच्च शिखरमा पुगी आफ्नो नाम पुनः गिनिज बुक अफ वर्ल्ड रेकर्ड्स मा लेखाउन सफल भएकोमा विकास बैंकले सम्मान गरेको हो ।

सो सम्मान-पत्र बैंकका अध्यक्ष चिन्तामणि भट्टराईले विकास बैंकको केन्द्रीय कार्यालय डिल्लीबजारमा एक कार्यक्रमका बीच प्रदान गरे । कीर्तिमानी पर्वतारोही कामी रिता शेर्पा बिगत दुई दशकदेखि यस लुम्बिनी विकास बैंक लि. मा 'निरन्तर सहयात्री' बनी आबद्ध छन् । उनको यो किर्तिमानी आरोहण आफ्नो लागि मात्र नभएर आफ्नो परिवार, शेर्पा समाज तथा सम्पूर्ण नेपालको लागि आफूले २८औं पटक आरोहण गरेको जानकारी दिए । यस बैंकले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरू सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

# ड्रागन बोट रेस : चीनको सिचुवान च्याम्पियन

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा आयोजना गरिएको नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' प्रतियोगितामा नेपाली टोली उपविजेतामा सीमित भएको छ । फेवातालमा यही जेठ ८ देखि सुरु बोट रेसको शनिबार सम्पन्न फाइनलमा चीनको सिचुवान ड्रागन बोर्ट टिमले दुई सय र पाँच सय मिटरको दुवै विधामा च्याम्पियन बन्न सफल भयो ।

नेपाली टिम 'नारा ड्रागन बोट टिम'ले दुवै विधामा उपविजेता हुन सफल भएको छ । च्याम्पियन बनेको सिचुवान ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी रु पाँच लाख ५० हजारका दरले रु ११ लाख नगद पुरस्कारसहित उपाधि हात पार्न सफल भयो ।




यसैगरी उपविजेता नेपाली टोली नारा ड्रागन बोट टिमले दुवै इभेन्टमा गरी रु सात लाख नगद पुरस्कार पायो । सिचुवानले पाँच सय मिटरको दूरी दुई मिनेट २० सेकेन्डमा पूरा गर्न सफल भयो । यसैगरी दुई सय मिटरको दौड ५३ सेकेन्डमा पार गर्दै दोहोरो उपाधि जित्न सफल भयो ।

नेपाली टिम नाराले भने पाँच सय मिटरको दूरी दुई मिनेट २३ सेकेन्डमा पूरा गर्न सफल भयो । यसैगरी दुई सय मिटरको दूरी भने ५६ सेकेन्डमा पार गर्दै उपविजेता भएको हो । ड्रागन बोट रेसमा चीनको तीन, नेपालको चार र सिङ्गापुरको एक टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । चीनको युनान प्रान्तको युनान ड्रागन बोट टोली दुवै विधामा तृतीय हुन सफल भयो ।

नेपालको नेपाल र्‍याफ्टिङ एन्ड क्यानोइङ एशोसिइएसन (एनआरसीए) चौथो भएको छ । प्रतियोगितामा सहभागी सबै टिमलाई जनही रु एक-एक लाख प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगिताका विजेता खेलाडीलाई राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली, नेपालस्थित चिनियाँ राजदूत छन् सोङ, पोखरा महानगर प्रमुख धनराज आचार्यलगायतले पुरस्कार वितरण गरेका थिए ।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको आयोजनामा बोट रेस तथा महोत्सव आयोजना गरिएको हो । पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा फेस्टिभलको सहयोगी संस्थाका रूपमा थिए ।

नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बोट रेस तथा फेस्टिभलको आयोजना गरिएको हो । कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिइने पोखरा महानगरले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ